# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ४७ | काठमाडौं | शनिबार, २६ जेठ २०८१ | Prabhab National Daily | Saturday, June 8, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




**हराभरा पुट्टारफाँट** | सिँचाइ आयोजना निर्माण भएपछि हराभरा देखिएको तनहुँको घिरिङ गाउँपालिका-१ मा पर्ने पुट्टारफाँट । *तस्बिरः सानेबहादुर नेपाली/रासस*

# जनमतका सतिशकुमार बने मुख्यमन्त्री

## १४ सदस्यीय मन्त्रिपरिषद् गठन

### मधेस प्रदेशमा नयाँ सरकार

**काठमाडौं (प्रस)–** मधेस प्रदेशको मुख्यमन्त्रीमा जनमत पार्टीका सांसद सतिशकुमार सिंह नियुक्त भएका छन् । प्रदेशप्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८ को उपधारा २ अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलका बहुमत सदस्यको समर्थनसहित दाबी परेपछि सिंहलाई शुक्रबार मुख्यमन्त्रीमा नियुक्त गरेकी हुन् ।

उनलाई संघीय सत्ता गठबन्धनमा रहेका दल नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टीलगायत बहुमत प्रदेशसभा सदस्यले समर्थन गरेका छन् ।

सिंह सप्तरी निर्वाचन क्षेत्र नं २ (क) बाट निर्वाचित भएका हुन् । यसअघि उनी २०७४ को स्थानीय तह निर्वाचनमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष निर्वाचित भएका थिए । त्यसपछि २०७९ मा भएको स्थानीय तह निर्वाचनमा सोही गाउँपालिका अध्यक्षमा पराजित भएपछि सोही वर्षको आमनिर्वाचनमा जनमतबाट उम्मेदवार भई प्रदेशसभा सदस्य भएका थिए ।



यसअघि जनता समाजवादी पार्टी (जसपा) नेपालबाट मुख्यमन्त्री बनेका सरोजकुमार यादवले विश्वासको मत गुमाएपछि नयाँ सरकार गठन भएको हो । मधेस प्रदेशमा लगातार साढे छ वर्षदेखि सरकार चलाइरहेको जसपा नेपालले पहिलोपटक सत्ता गुमाएको हो । अन्य प्रदेशमा पटक-पटक सरकार फेरिँदा पनि मधेसमा निरन्तरता पाएको थियो । तर, यसपटक जसपा नेपाललाई सत्तामा रहिरहन नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को साथले पुगेन । केन्द्रमा सत्ता गठबन्धन फेरिएपछि एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादी मधेस प्रदेश सरकारबाट बाहिरिएका थिए ।

१४ सदस्यीय मन्त्रिपरिषद् गठन

नवनियुक्त मुख्यमन्त्री सिंहले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् । शुक्रबार दिउँसो प्रदेशप्रमुख भण्डारीसमक्ष उनले शपथग्रहण गरेका हुन् ।

(क्रमशः पृष्ठ २ मा)

गण्डकी प्रदेश

# सकसमा मुख्यमन्त्री पाण्डे

## साना दल गुहार्दै देउवा

- गण्डकीमा कांग्रेस २७ सिटसहित सबैभन्दा ठूलो दल हो । ६० सदस्यीय प्रदेशसभामा सरकार बनाउन ३१ सांसदको समर्थन चाहिन्छ ।
- सर्वोच्चको परमादेशबाट मुख्यमन्त्री बनेका कांग्रेसका सुरेन्द्रराज पाण्डेले बजेट ल्याउनुअघि नै जेठ २८ गते विश्वासको मत लिने तयारी गरेका छन् ।
- दीपक मनाङे र फणिन्द्र देवकोटाले सघाउने भएपछि कांग्रेस सभापति शेरबहादुर देउवाले राप्रपालाई पनि सघाउन भन्दै पत्र लेखेका छन् ।



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई आफ्नो सरकार टिकाउन सकस भएको छ । असार १ मा बजेट ल्याउनुपर्ने बाध्यतासँगै पाण्डेलाई सरकार टिकाउन मुस्किल देखिएको हो । सर्वोच्चको परमादेशपछि जेठ १६ गते सबैभन्दा ठूलो दलको नेताको हैसियतमा पाण्डे मुख्यमन्त्री नियुक्त भएका हुन् । पाण्डेले बजेटअघि नै विश्वासको मत लिएर मात्र नीति तथा कार्यक्रम प्रस्तुत गर्ने तयारी गरेका छन् । प्रदेशसभामा असार १ अघि नै नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ ।

मुख्यमन्त्री पाण्डेले जेठ २८ गते विश्वासको मत लिने तयारी गरेको गण्डकी प्रदेशसभाका सचिवालयले जनाएको छ । '२०८१ साल जेठ १७ गते अर्को सूचना नभएसम्मका लागि स्थगित भएको गण्डकी प्रदेशसभाको बैठक २०८१ जेठ २८ गते दिनको ३ बजे बस्नेगरी निर्धारण गरिएको छ,' प्रदेशसभा सचिव हरिराज पोखरेलले शुक्रबार विज्ञप्ति जारी गर्दै भनेका छन् ।

प्रदेशसभाबाट विश्वासको मत पाएमा पाण्डेले बजेट ल्याउन पाउने छन् । गण्डकीमा कांग्रेस २७ सिटसहित सबैभन्दा ठूलो दल हो । ६० सदस्यीय प्रदेशसभामा सरकार बनाउन ३१ सांसदको समर्थन चाहिन्छ । यहाँ स्वतन्त्र सांसद राजीव गुरुङ र राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई सांसदले समर्थन गरे पनि पाण्डेको पक्षमा ३० मत मात्र जुट्छ । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईको पार्टी नेपाल समाजवादीका एक सांसदले साथ दिएमा पाण्डेले विश्वासको मत पाउने देखिन्छ । माओवादीको चिह्न लिएर चुनाव जितेका फणिन्द्र देवकोटाले पाण्डेलाई सघाउने लगभग निश्चित भइसकेको बताइएको छ । गण्डकी प्रदेशसभामा एमालेका २२, नेकपा माओवादी केन्द्रका सभामुखसहित आठ र एक स्वतन्त्र सांसद छन् ।

यसैबीच पाण्डेको सत्ता जोगाउन नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले साना दललाई गुहार्न थालेका छन् । शुक्रबार देउवाले मुख्यमन्त्रीमा पाण्डेलाई विश्वासको मतका लागि आग्रह गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनलाई पत्र लेखेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# श्रमाधान रोजगार मेला भोलिदेखि सुदूरपश्चिममा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सञ्चालन गरेको 'श्रमाधान रोजगार मेला' भोलिदेखि सुदूरपश्चिम प्रदेशको कैलालीमा सुरु हुँदै छ । सातै प्रदेशमा आयोजना गरिएको यो कार्यक्रम सुदूरपश्चिममा आइतबार र सोमबार सञ्चालन गर्न लागिएको छ ।

कैलालीको धनगढीमा भोलि (आइतबार)देखि सुरु हुने दुई दिने 'श्रमाधान रोजगार मेला'को तयारी पूरा भएको मन्त्रालयले जनाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार, धनगढी उपमहानगरपालिका र नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ सुदूरपश्चिमको आयोजनामा आइतबारदेखि कैलालीको धनगढीस्थित ओम प्यालेसमा मेला सुरु हुँदै छ ।

मेलाको विषयमा जानकारी दिन शुक्रबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै मन्त्रालयका उपसचिव वसन्त बोहोराले रोजगारदाता र कामको खोजीमा रहेका श्रमिकको बीच भेट गराउनु मेलाको मुख्य उद्देश्य रहेको बताए । 'मेलाले रोजगारीका अवसरहरू सिर्जना गर्ने, सीप विकास प्रवर्द्धन गर्ने, उद्यमशीलतालाई प्रोत्साहन गर्ने, आर्थिक वृद्धिलाई उत्प्रेरित गर्ने, युवा सशक्तीकरण गर्ने र सार्वजनिक-निजी साझेदारी अभिवृद्धि गर्नेमा हामी विश्वस्त छौं,' उनले भने ।




> रोजगार मेलाले रोजगारीका अवसरहरु सिर्जना गर्ने, सीप विकास प्रवर्द्धन गर्ने, उद्यमशीलतालाई प्रोत्साहन गर्ने, आर्थिक वृद्धिलाई उत्प्रेरित गर्ने, युवा सशक्तीकरण गर्ने र सार्वजनिक-निजी साझेदारी अभिवृद्धि गर्नेमा हामी विश्वस्त छौं ।
>
> ■ **वसन्त बोहोरा**
> **उपसचिव, श्रम मन्त्रालय**

त्यस्तै, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ सुदूरपश्चिमका अध्यक्ष प्रमोद पाठकले नेपालमा दक्ष श्रमिकको अभाव रहेको बताए । रोजगारदाताले आवश्यकता अनुसारको श्रमिक नपाउने अवस्थालाई यस्तो खालको मेलाले सम्बोधन गर्ने उनले बताए । 'वर्षौंदेखि हामी हरेक कुराका लागि अन्य मुलुक र भारतमा भर पर्नुपर्ने अवस्था छ। तर, अबका दिनमा नेपालमा नै गरिखाने वातावरण सिर्जना गर्न, आन्तरिक रोजगारी सिर्जना गर्न, यहाँको रोजगारीको अवस्था बुझ्न, कस्ता खालको सीपको आवश्यकता पर्छ भन्ने खालको विषयलाई सम्बोधन गर्न यस्तो खालको मेलाले सहयोग गर्नेमा म विश्वस्त छु,' उनले भने ।

नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ सुदूरपश्चिमका अध्यक्ष पाठकले दुई हजारभन्दा बढी जनालाई रोजगारी अवसर प्रदान गरिने बताए । 'विभिन्न कम्पनी, उद्योगबाट रोजगारी दिनका लागि माग भएको छ । हामीले त्यहीअनुसार रोजगारी दिनका लागि व्यवस्था गरेका छौं । उनीहरू सबै कम्पनीहरूका स्टल पनि रहने छन्,' उनले भने । यसैगरी मेला अवधिमा अन्य क्षेत्रमा पनि रोजगारीको अवसर प्रदान गरिने उनले बताए ।

श्रम कार्यालय कैलालीका कार्यालय प्रमुख जनक सिंखडाले मेलाको तयारी पूरा भएको बताए । शुक्रबारसम्म मेलामा ३५ वटा निजी क्षेत्रका स्टल रहने निश्चित भएको उनले बताए । ३५ स्टल बुक भइसकेको र थप स्टल बुक हुने क्रममा रहेको उनले बताए ।

मेला विहान १० बजे देखि बेलुका ५ बजेसम्म सञ्चालन हुने छ । मेलाको उद्योगमन्त्री दामोदर भण्डारीले उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ । मन्त्रालयले आयोजना गरेको श्रमाधान रोजगार मेलाको सहआयोजकको रूपमा चेम्बर अफ कमर्स सुदूरपश्चिम प्रदेश, नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, होटल संघ नेपाल, नेपाल तालिम तथा रोजगार महासंघ, नेपाल घरेलु तथा साना उद्योग व्यवसाय महासंघ छन् ।






**पद्मपाणि लोकेश्वर** | मध्यपुर थिमि–४ मरूटोल अवस्थित पद्मपाणि लोकेश्वर (करूणामय) को शुक्रबार न्ह्वव महास्नान गर्दै गुठीयार । महास्नान गर्दा विविध रूपमा विशेष पूजा गरी करूणामयलाई जल, दूध, दहीबाट स्नान गर्ने परम्परा छ ।

*तस्बिरः रत्न श्रेष्ठ/रासस*

# उपत्यकाको फोहोर व्यवस्थापनबारे प्रधानमन्त्रीसँग छलफल



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालसँग काठमाडौं उपत्यकाका नगरपालिकाहरूको साझा मञ्च मेयर्स फोरमका पदाधिकारीले छलफल गरेका छन् ।

प्रधानमन्त्रीले आयोजना गरेका छलफल काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनमा संघीय सरकार र स्थानीय सरकारको भूमिका र दायित्वका विषयमा केन्द्रित थियो । उक्त छलफलमा प्रधानमन्त्री दाहालले काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनको समन्वय संघीय सरकारले नै गरोस् भन्ने मेयर्स फोरमको सिफारिसबमोजिम लगानी बोर्डले त्यससम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाएको जानकारी गराए ।

'तपाईंहरूको फोरमले काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनसम्बन्धी कामको समन्वय संघीय सरकारले गरोस् भन्ने सिफारिस गरेको छ । सोहीअनुसार सरकारले लगानी बोर्डलाई यससम्बन्धी प्रक्रिया अगाडि बढाउन निर्देशित गरेको छ,' प्रधानमन्त्री दाहालले भने, 'लगानी बोर्डको बैठकमा यससम्बन्धी छलफल भई कार्यान्वयनमा अगाडि बढ्ने निर्णय भएको छ । अब यो काम तीव्रतामा अगाडि बढ्छ ।'

ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जन, काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोललगायत काठमाडौं उपत्यकाभित्रका नगरपालिकाका मेयर, उपमेयरको प्रतिनिधित्व रहेको बैठकले समन्वयका साथ फोहोर व्यवस्थापन गर्नेसम्बन्धी छलफल गरेको हो । सो अवसरमा ललितपुर महानगरपालिकाका प्रमुख महर्जनले काठमाडौं उपत्यकाका स्थानीय तहका काम कारबाही र समस्याका बारेमा जानकारी गराउँदै समस्या समाधानका लागि प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### सकसमा मुख्यमन्त्री...

'प्रदेशको नीति तथा कार्यक्रम र बजेट निर्माणको संवेदनशील समय भएकाले मुख्यमन्त्रीले यही जेठ २८ गते प्रदेशसभाबाट विश्वासको मत लिन लाग्नुभएको विशेष परिस्थितिमा दलको तर्फबाट विश्वासको मत प्रदान गरी सहयोग गर्नुहुनका लागि अनुरोधसहित नेपाली कांग्रेसको तर्फबाट यो पत्र पठाएको छु,' देउवाले लेखेको पत्रमा भनिएको छ ।

राप्रपाको यसअघि बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले वर्तमान सत्ता गठबन्धनलाई सहयोग पुग्नेगरी प्रदेशसभामा मतदान नगर्ने र विपक्षी गठबन्धनलाई आवश्यक परेको खण्डमा मतदान गर्न सकिने निर्णय गरेको थियो । जसका लागि प्रदेश कार्यसमितिसँग आवश्यक समन्वय गरी निर्णय लिने अधिकार अध्यक्ष लिङ्देनलाई नै दिने निर्णय सो बैठकले गरेको थियो । यद्यपि पछिल्लो चरणमा राप्रपाले केन्द्रदेखि प्रदेशमा कांग्रेसलाई साथ दिँदै आएको छ ।

केन्द्रमा सहकारी प्रकरणमा कांग्रेसको साथ दिनुका साथै मधेस प्रदेशमा विश्वासको मतमासमेत राप्रपा कांग्रेसकै लाइनमा उभिएको छ । गण्डकीमा दिइने विश्वासको मतले सहकार्यको वातावरण बन्ने देउवाले प्रस्ताव गरेका छन् । 'यो विश्वासको मतले गण्डकी प्रदेश सरकार गठनमा देखिएको अस्थिरता अन्त्य गर्नेमात्रै होइन, दलहरूका बीचमा नयाँ विश्वास र सहकार्यको वातावरण बन्ने छ भन्ने कुरामा नेपाली कांग्रेस विश्वस्त छ,' पत्रमा भनिएको छ ।

●●●

### जनमतका सतिशकुमार...

शपथग्रहणसँगै मुख्यमन्त्री सिंहले सत्ता गठबन्धनका अन्य दलहरूसहित १४ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका छन् । नवनियुक्त मन्त्रीहरूले पनि शुक्रबारै शपथ लिएका छन् । मन्त्रिपरिषद्मा नेकपा एमालेबाट संसदीय दलका नेता सरोजकुमार यादव भौतिक पूर्वाधार विकासमन्त्री, राजकुमार लेखी शिक्षा तथा संस्कृति, शत्रुधनप्रसाद सिंह स्वास्थ्य तथा जनसंख्या तथा केशव राय स्वास्थ्य राज्यमन्त्री र शारदादेवी थापा शिक्षा तथा संस्कृति राज्यमन्त्रीमा नियुक्त भएका छन् । नेकपा माओवादी केन्द्रका तर्फबाट अर्थमन्त्रीमा प्रदेश संसदीय दलका नेता भरतप्रसाद साह, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्रीमा युवराज भट्टराई नियुक्त भएका छन् ।

यस्तै नेकपा एकीकृत समाजवादीबाट संसदीय दलका नेता गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री, बेची लुंगेली ऊर्जा, सिँचाइ र खानेपानीमन्त्री, नेपाल संघीय समाजवादी पार्टीका तर्फबाट विमला अन्सारी गृह, सञ्चार तथा कानुनमन्त्री र नागरिक उन्मुक्ति पार्टीकी उर्मिलादेवी सिंहलाई श्रम तथा यातायातमन्त्रीको जिम्मेवारी दिइएको छ ।

**जानकी मन्दिरको योजनाबद्ध विकास गर्ने प्रतिबद्धता**

यसैबीच मधेस प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री सिंहले धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्त्वको जानकी मन्दिरको योजनाबद्ध तरिकाले विकास गर्ने बताएका छन् । मुख्यमन्त्री पदको शपथग्रहण तथा पदभारपपछि जानकी माताको दर्शन गरेका उनले मन्दिर परिसरमा संक्षिप्त कुराकानी गर्दै भने, 'माता जानकी मन्दिरको अवस्थाबारेमा मलाई केही जानकारी छ । त्यस सम्बन्धमा मन्दिर व्यवस्थापन पक्षसँग विकासका योजनाहरू माग गरेको छु ।'

मन्दिर व्यवस्थापन पक्षले जानकी मन्दिरको दिगो विकासका लागि अल्पकालीन तथा दीर्घकालीन स्पष्ट योजना ल्याएमा सो योजना पूरा गर्ने आश्वासनसमेत दिए । जानकी मन्दिरको विकास भएमा त्यहाँ धार्मिक पर्यटक बढ्नाका साथै मधेस प्रदेशको आर्थिक विकासमा सहयोग पुग्ने उल्लेख गर्दै मधेस प्रदेशको सप्तरीमा रहेको छिन्नमस्ता भगवती तथा बारामा रहेको गढीमाई मन्दिरकोसमेत विकास गरी पर्यटक तान्ने वातावरण बनाउन आवश्यक रहेको उनको भनाइ छ ।

यसअघि उनले शुक्रबार मन्दिर व्यवस्थापन पक्षसँग छलफलका साथै मन्दिरको अवस्थाबारे जानकारीसमेत लिएका थिए । सोही अवसरमा जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले जानकी मन्दिरको महत्त्व तथा गरिमालाई अगाडि बढाउनका लागि भारतमा भएको रामायण सर्किटको विकास गरेजस्तै सीता सर्किटकोसमेत विकास गर्नुपर्ने मुख्यमन्त्रीलाई आग्रह गरे । हाल जानकी मन्दिरमा दैनिक एक हजारभन्दा बढी बाहिरी जिल्लाबाट दर्शन तथा अवलोकनका लागि आउने गरेका छन् ।

# पौडेल नेतृत्वको सुझाव समितिले बुझायो गृहमन्त्रीलाई प्रतिवेदन

**काठमाडौं (प्रस)–** पूर्वमुख्यसचिव लिलामणि पौडेलको संयोजकत्वमा 'गृह मन्त्रालयअन्तर्गतका निकायका सेवालाई प्रभावकारी बनाउन गठित सुझाव समिति'ले शुक्रबार उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेसमक्ष प्रतिवेदन पेस गरेको छ । मन्त्रालयअन्तर्गतका निकायका सेवालाई थप प्रभावकारी बनाउन सुझावसहितको प्रतिवेदन तयार पार्न २०८० कात्तिकमा गठित उक्त समितिले शुक्रबार गृहमन्त्रीलाई प्रतिवेदन बुझाएको हो ।

उक्त अध्ययन समिति तथा विषयगत उपसमितिलाई प्राप्त कार्यादेशअनुरूप विद्यमान समस्याको पहिचान गरी मन्त्रालयको कार्यसम्पादन क्षमता बढाउन तथा मन्त्रालयले प्रदान गर्ने सेवालाई थप प्रभावकारी बनाउनका लागि सुझाव दिन समिति बनाइएको थियो । समितिलाई शान्ति सुव्यवस्था, अपराध अनुसन्धान, संस्थागत पुनःसंरचना, कर्मचारीको कार्य क्षमता वृद्धि, कार्य सम्पादन मापन, नीतिगत तथा कानुनी सुधार, मन्त्रालयअन्तर्गतका निकायहरूको संस्थागत सुदृढीकरण, सेवा प्रवाहमा सुधार, विपद् व्यवस्थापन, राष्ट्रिय परिचयपत्र व्यावस्थापन, सीमा सुरक्षा र राजस्व चुहावट नियन्त्रणलगायतका विषयहरू समावेश गरी प्रतिवेदन पेस गर्ने कार्यादेश दिइएको थियो ।

सोही कार्यादेशबमोजिम समितिले मन्त्रालय र मातहत निकायको कार्यसम्पादन सुधार गर्न कर्मचारीको कार्य क्षमता तथा वृत्ति विकास र संगठन तथा व्यवस्थापनका विषय समावेश गरिएको यस प्रतिवेदनमा तत्काल र दीर्घकालमा लागू गर्न सकिने कार्य योजनाहरू पनि प्रस्तुत गरिएको जनाइएको छ । प्रतिवेदन ग्रहण गर्दै उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले कार्यदलले आफूलाई प्राप्त जिम्मेवारीभित्रका विषयमा गहन अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन तयार गरेकोमा धन्यवाद दिए । उनले प्रतिवेदनका आधारमा गृहप्रशासन सुधारको मार्गचित्र तयार गरिने र सो बमोजिम सुधारका कार्यहरू अघि बढाइने बताए ।

उनले प्रतिवेदन कार्यान्वयनका क्रममा प्रतिवेदन तयारकर्ता विज्ञहरूको निरन्तर सहयोग आवश्यक हुने र मन्त्रालयलाई आवश्यक परेका बखत विज्ञहरूबाट मन्त्रालयले निरन्तर सहयोग प्राप्त गर्ने विश्वाससमेत व्यक्त गरे ।


## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : BLUE DREAMS HOSPITALITY AND CLEANING**

पूर्व स्वीकृति मिति २०८१/०२/२५ LT. No. 305992 चलानी नं. ६०२२०७२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 3 | 1 | 2500 | ९१,५३५ | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Cleaner | 2 | 3 | 1000 | ३६,६१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. २८२/०५८/०५९

Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, Fax: +977-1-4469772



## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Business Development Manager (International)-1 (F)
2. Receptionist-1 (F)
3. Admin Secretary- 1 (F)

**Qualification: For Develpment Manager:** must have minimum experience of abroad marketing, business develpment & promotion for atleast of 2 to 4 years, **bachelor degree in Marketing,** सम्बन्धित क्षेत्रमा २ देखि ४ वर्षको अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३

Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : md@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## राजविराज नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**राजविराज, सप्तरी**

**मधेस प्रदेश, नेपाल**

**नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**

### स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना



**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**

क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**

क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**

क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।**

क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।





## नव धवलागिरी संस्थाका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्तालाई ऋण कर्जा चुक्ता गर्ने गराउने बारेको ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८१ साल जेष्ठ महिना २६ गते शनीबार)**


यस नव धवलागिरी बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, व्याज र अन्य दैदस्तुर समेत यसै संस्थासँगको शर्त कबुलियत बमोजिम सहकारी संस्थामा समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई बसेको हुँदा सो सम्बन्धमा पटक पटक तहाँलाई टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्रमार्फत तरताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा/ऋण सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तान गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नुहोला । उक्त अवधिभित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति वा व्यक्तिगत धनजमानी बस्नेको सहकारी ऐन २०७४ को दफा ७९ तथा ८३ बमोजिम र नियमावली २०७५ को दफा ३०, र ३२ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुलउपर गरी लिने व्यहोरा अवगत गराउँदछौं । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असूलउपर नभएमा सहकारी ऐन २०७४ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, व्याज, हर्जाना तथा अन्य दैदस्तुर असूलउपरका लागि अन्य कानूनी प्रकृया लिलाम बिक्री वा अन्य प्रकृया अवलम्बन गरी ऋण असुलउपर गरि लिने र/वा/तथा कानुन बमोजिम कर्जा असुलीको लागी अड्डा अदालतमा मुद्दा दायर गरिने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचनामार्फत सूचित गरिन्छ । साथै उक्त अवधिभित्र कर्जा चुक्ता नभएमा संस्थाको नियम अनुसार जमानीकर्ताको अन्य सम्पत्तिबाट समेत असुलउपर गरिने तथा ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीनपुस्ते विवरण सहित कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**१. कर्जा शिर्षक : धितो कर्जा**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानी कर्ताहरुको विवरण |
|---|---|
| **नाम : टिकाराम सापकोटा**<br>बाबुको नाम : भुमिश्वर सापकोटा<br>बाजेको नाम : टिकाराम सापकोटा<br>ठेगाना : कालीगण्डकी - ५, गुल्मी<br>हालको ठेगाना : काठमाण्डौ -२६, सामाखुशी<br>ना.प्र.नं. : १८६५<br>जारी मिति र जिल्ला : २०४२।१२।१७/गुल्मी  | **१.नाम : यशोदा ज्ञवाली**<br>बाबुको नाम : खगेश्वर ज्ञवाली<br>पतीको नाम : टिकाराम सापकोटा<br>ठेगाना : खड्गकोट-३, गुल्मी<br>हालको ठेगाना : काठमाण्डौं-२६, सामाखुशी<br>ना.प्र.प.नं. : ३०२७<br>जारी मिति र जिल्ला : २०४५।०९।२६/गुल्मी  |
| **धितो सुरक्षणको विवरण :**<br>श्री यशोदा ज्ञवालीको नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको साविक गोंगबु गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ४७० को क्षेत्रफल २५५.२५ वर्ग मिटर जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | **२. नाम : यादब कुमार सापकोटा**<br>बाबुको नाम : टीकाराम सापकोटा<br>बाजेको नाम : भुमिश्वर सापकोटा<br>ठेगाना : गोंगबु -७, काठमाण्डौ<br>हालको ठेगाना : काठमाण्डौ -२६, सामाखुशी<br>ना.प्र.नं. : २७१०३७/७४२२४/२८७५४<br>जारी मिति र जिल्ला : २०६७१२१५/काठमाण्डौ  |

**२. कर्जा शिर्षक : धितो कर्जा**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानी कर्ताहरुको विवरण |
|---|---|
| **नाम : यशोदा ज्ञवाली**<br>बाबुको नाम : खगेश्वर ज्ञवाली<br>पतीको नाम : टिकाराम सापकोटा<br>ठेगाना : खड्गकोट-३, गुल्मी<br>हालको ठेगाना : काठमाण्डौ-२६, सामाखुशी<br>ना.प्र.प.नं. : ३०२७<br>जारी मिति र जिल्ला : २०४५।०९।२६/गुल्मी  | **१.नाम : टिकाराम सापकोटा**<br>बाबुको नाम : भुमिश्वर सापकोटा<br>बाजेको नाम : टिकाराम सापकोटा<br>ठेगाना : कालीगण्डकी - ५, गुल्मी<br>हालको ठेगाना : काठमाण्डौ - २६, सामाखुशी<br>ना.प्र.नं. : १८६५<br>जारी मिति र जिल्ला : २०४२।१२।१७/गुल्मी  |
| **धितो सुरक्षणको विवरण :**<br>श्री यशोदा ज्ञवालीको नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको साविक गोंगबु गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ४७० को क्षेत्रफल २५५.२५ वर्ग मिटर जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | **२. नाम : यादब कुमार सापकोटा**<br>बाबुको नाम : टीकाराम सापकोटा<br>बाजेको नाम : भुमिश्वर सापकोटा<br>ठेगाना : गोंगबु -७, काठमाण्डौ<br>हालको ठेगाना : काठमाण्डौ -२६, सामाखुशी<br>ना.प्र.नं. : २७१०३७/७४२२४/२८७५४<br>जारी मिति र जिल्ला : २०६७१२१५/काठमाण्डौ  |

**नव धवलागिरि बचत तथा ऋण सहकारी संस्था लि.**
टोखा नगरपालिका - वडा नं. १०, समाखुशी चोक, काठमाण्डौ
फोन नं. ०१-४९८३७७४, ५९००८५६



**सडकको दुरावस्था** | इनरुवा–सत्तेरझोरा–विराटनगर सडकको दुहवी–१२ स्थित बुग्डरीखण्डको खाल्डाखुल्डीमा जमेको पानी । समयमा सडक मर्मतसम्भार नहुँदा वर्षाका बेला पानी जमेको खाल्डाखुल्डीमा दुर्घटना हुने सम्भावना बढेको छ ।
*तस्बिरः नवीन गड्तौला/रासस*

# देशभरका जग्गाको पुनः नापी गर्न लेखा समितिको निर्देशन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संघीय संसद्को सार्वजनिक लेखा समितिले सीमांकन, नक्सांकन तथा अभिलेखीकरणका लागि आपसी समन्वय तथा आवश्यकताका आधारमा देशभरि पुनः नापी गर्न निर्देश गरेको छ । समितिले यस कार्यका लागि सूचना प्रविधिको प्रयोग गर्न र तथ्य तथ्यांकमा शुद्धता कायम गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिएको समिति सभापति ऋषिकेश पोखरेलले जानकारी दिए ।

समितिको शुक्रबारको बैठकले सार्वजनिक, सरकारी, सामुदायिक र गुठी जग्गाको सीमांकनसहितको नक्सांकन अभिलेखीकरण अद्यावधिक गर्नसमेत निर्देशन दिएको हो । बैठकले नयाँ नापीका लागि तीन तहका सरकारमात्रै नभएर मालपोत, नापी कार्यालय तथा स्थानीय प्रशासनबीचसमेत समन्वयको आवश्यकता औंल्याएको छ । समितिले जग्गाको अभिलेखीकरण, प्रयोग र संरक्षणमा तीनै तह र सम्बद्ध निकायकाबीच नीतिगत तथा समन्वयगत स्पष्टता कार्यान्वयन गर्न र गराउन सरकारलाई निर्देशन दिएको हो ।

यसैगरी सार्वजनिक, सरकारी, गुठी सामुदायिक जग्गासम्बन्धी पुराना अभिलेखलाई संरक्षण गर्ने कार्यका लागि निर्देशन दिएको छ । समितिले सार्वजनिक तथा सरकारी जमिनलाई कुनै पनि कारण दुरूपयोग, अतिक्रमण, कब्जा तथा दुरूपयोग गर्नेलाई यथाशीघ्र कारबाही गर्नसमेत मन्त्रालयलाई निर्देशन दिएको छ । निश्चित प्रयोजनका लागि उपयोग गर्न सरकारले उपलब्ध गराएका सार्वजनिक तथा सरकारी जग्गाको उद्देश्यभन्दा फरक काममा प्रयोग गर्ने, अनधिकृतरूपमा कब्जा गराउने, व्यक्तिगत सम्पत्तिका रूपमा दर्ता गराउने काम हुँदै आएको विषयप्रति समितिको गम्भीर ध्यानार्कषण भएको बैठकको ठहर छ ।

जग्गा अतिक्रमण गर्न भूमि बिचौलियाले गर्ने चलखेल तथा यस्ता कार्यमा हुने गैरकानुनी लगानी र संरक्षणलाई निराकरण गर्नु पनि अनिवार्य रहेको समितिको भनाइ छ । बैठकले भूमिसँग छरिएर रहेका कानुनलाई एकीकृत गरी सार्वजनिक जग्गा अतिक्रमण गर्नेलाई कडा सजायको व्यवस्था गर्न, जग्गासम्बन्धी सम्पूर्ण विवरणको अभिलेख एकीकृतरूपमा राख्ने प्रणाली विकास गर्न मन्त्रालयलाई सुझाव दिएको छ ।

सरकारी जगगा लिजमा दिनेसम्बन्धी खुकुलो नीतिगत व्यवस्थालाई पुनरावलोकन गर्न र महालेखापरीक्षकको वार्षिक प्रतिवेदनका सुझावको कार्यान्वयन प्रगति विवरण उपलब्ध गराउन समितिले निर्देशन दिएको छ । सार्वजनिक 'जमिनको अभिलेखीकरण, प्रयोग तथा संरक्षण'का सन्दर्भमा जानकारी लिन शुक्रबारको बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी, सचिव गोकर्णमणि दवाडी र नापी विभागका महानिर्देशकहरूलाई बैठकमा बोलाइएको थियो ।

उनीहरूले सार्वजनिक, सरकारी, गुठी, सामुदायिक, बिर्ता एवं निजी जग्गाको आधारभूत वर्गीकरणलगायतका विषयमा जानकारी दिए । त्यसअवसरमा सचिव दुवाडीले उल्लिखित जग्गामध्ये मुलुकभर नौ लाख ४४ हजार ६७६ कित्ता सरकारी र ६५ हजार ८४७ कित्ता सार्वजनिक जग्गा रहेको समितिलाई जानकारी गराएका थिए ।

## जलवायु परिवर्तनका समस्या न्यूनीकरण गर्न साना अनुदान कार्यक्रम प्रभावकारी

**काठमाडौं (प्रस)–** विश्व वातावरण सुविधा, साना अनुदान कार्यक्रममार्फत नेपालका विभिन्न जिल्लामा सञ्चालित कार्यक्रम प्रभावकारी देखिएका छन् । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) अन्तर्गत विभिन्न जिल्लाका २८६ स्थानमा सञ्चालित कार्यक्रम प्रभावकारी देखिएका शुक्रबार यहाँ आयोजित कार्यक्रममा जानकारी दिइयो ।

मकवानपुरको उत्तरपश्चिम भेगस्थित मनहरी गाउँपालिकामा सञ्चालित खोरिया सुधार कार्यक्रम, नवलपुरमा सञ्चालित गिद्ध संरक्षण कार्यक्रम, कास्कीमा सञ्चालित रूपा ताल पुनःस्थापना, तनहुँमा सञ्चालित पर्यापर्यटन र सांस्कृतिक पर्यटन प्रवर्द्धनलगायत कार्यक्रम प्रभावकारी भएको सो अवसरमा जानकारी गराइयो । जलवायु परिवर्तनबाट आउने समस्या समाधान गर्न यी कार्यक्रम गरिएको नेपालका लागि युएनडिपीका आवासीय प्रतिनिधि आसानी मेडागंगोडा-लेबले बताए । जलवायु परिवर्तनको समस्याबाट पर्ने प्रभाव न्यूनीकरण गर्न कार्यक्रम सञ्चालन गरिएको उनको भनाइ थियो । कार्यक्रममा आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापाले आदिवासी जनजाति लक्षित कार्यक्रम भएकाले आयोगका तर्फबाट सक्ने सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाए । 'आदिवासी जनजातिको जीवनस्तर सुधार गर्न अनुदान कार्यक्रम प्रभावकारी देखिएको छ,' उनले भने ।

कार्यक्रममा जलवायु परिवर्तनले जनजाति समुदायमा पारेका प्रभाव र अनुदान कार्यक्रमका माध्यमबाट यसलाई न्यूनीकरण गर्न गरिएका प्रयासका विषयमा विभिन्न समूहमा संवाद गरिएको थियो । समूह संवादमा वन तथा वातावरण, अर्थ, परराष्ट्र, पशुपक्षी विकास, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय दलित आयोग, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, वातावरण विभाग, विभिन्न स्थानीय तह, नेपाल नगरपालिका संघलगायतका सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

## पश्चिम क्षेत्रको राडार दुई वर्षदेखि कामविहीन

**काँक्रेविहार (सुर्खेत)–** २०७६ मंसिर १७ गते सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१४ को रातानाङ्लामा स्थापना भएको मौसमी राडार दुई वर्षदेखि बन्द छ । पश्चिमी क्षेत्रको मौसमसम्बन्धी पूर्वानुमान गर्न राखिएको उक्त राडार दुई वर्षदेखि कामविहीन भएको हो ।

राडारमा समस्या भएर कामविहिन अवस्थामा बन्द भएको दुई वर्ष बितिसक्दा पनि मर्मत गरी सञ्चालनमा आउन सकेको छैन । बाह्र महिना हुनसक्ने विपद्बाट जोगाउन स्थापना गरिएको मौसम पूर्वानुमान गर्ने राडार आफैं बिरामी भएपछि समस्या भएको जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् एवं जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाका प्रमुख निराजन सापकोटाले बताए । उनका अनुसार एक दिनको मौसम पूर्वानुमानसहितको तत्काल सूचना दिने यस्ता राडार नेपालमा तीनवटा मात्र छन् । 'सुर्खेतको राडारले प्युठानदेखि पश्चिम क्षेत्रको पूर्वानुमान गर्दछ । अरू दुईवटा राडार पाल्पा र उदयपुरमा छन्,' उनले भने ।

चटचाङ परेर राडारका केही उपकरण बिग्रनुका साथै जेनेरेटरमा पनि क्षति पुगेको थियो । विभागका वरिष्ठ मौसमविद् सापकोटाले सरकारले मर्मतका लागि न्यून बजेट दिएको भन्दै परामर्शदातासँग प्रस्ताव माग गर्न लागिएको बताए । उनका अनुसार स्थानीयस्तरमा हुने अन्य मर्मतको काम सुरु भएको छ । दुई वर्षअघि राडार बिग्रिए पनि मर्मतका लागि बजेट नभएकाले बन्द गर्नुपरेको वरिष्ठ मौसमविद् सापकोटाले बताए । अहिले मर्मत गर्ने तयारी थालिएको उनको भनाइ छ ।

विभागले आगामी भदौ अन्तिमसम्म राडार सञ्चालनमा ल्याउने गरी मर्मत गरिरहेको आयोजना प्रमुख सापकोटाले दाबी गरे । उनका अनुसार उक्त मौसमी राडार विश्व बैंकले करिब १८ करोड रूपैयाँको लागतमा निर्माण गरिदिएको हो । निर्माणको पाँच वर्षसम्म राडारले काम गरिरहेको थियो । पाँच वर्षभित्र बिग्रेमा निर्माण कम्पनीले बेहोर्नुपर्ने प्रावधान रहेकामा छैटौं वर्षमा चटचाङ परेपछि बन्द भएको उनले बताए । बजेटको अभाव, मर्मतका लागि दक्ष जनशक्ति नहुनु, सुर्खेतको विद्युत् कम क्षमता (लो भोल्टेज), बेला बेलामा चटचाङ परिरहनु, इन्धन खर्च अभावलगायत कारणले बिग्रेको राडार समयमै मर्मत गर्न नसकिएको विभागले जनाएको छ । *रासस*

## कान्ति लोकपथ पूर्णरूपमा सञ्चालनमा

**बागमती (प्रस)–** कान्ति लोकपथअन्तर्गत मकवानपुरको हेटौंडा-काठमाडौं जोड्ने सडक शुक्रबारदेखि पूर्णरूपमा सञ्चालनमा आएको छ । स्तरोन्नतिसँगै मर्मतका लागि गत चैत १ गतेदेखि बन्द गरिएको सो सडक शुक्रबार बिहानबाट पूर्णरूपमा सञ्चालनमा आएको हो ।

सो सडकअन्तर्गत ललितपुरको बागमती गाउँपालिका-२ रातोभिरस्थित सडक निर्माण गर्ने क्रममा ढुंगामाटो धेरै झरी सडकसमेत भाँसिएपछि बन्द रहेको सडक मर्मतसम्भारपश्चात् पूर्णरूपमा सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । गत वैशाख १६ गतेदेखि बिहान ९ बजेदेखि अपराह्न १२ बजेसम्म र राति ६ बजेदेखि बिहान ४ बजेसम्म दैनिक खुला गरिएको उक्त सडक शुक्रबारदेखि पूर्णरूपमा सञ्चालन भएको प्रहरी नायब उपरीक्षक भण्डारीले बताए । ललितपुरको टीकाभैरवदेखि तीनपाने भञ्ज्याङ, भट्टेडाँडा, काल्चे बगुवा हुँदै हेटौंडासम्मको करिब डेढ किलोमिटर सडकमा स्तरोन्नति र मर्मतको काम गरिएको छ ।


**Bagmati Provincial Government**
**Ministry of Internal Affairs and Law**
**Hetauda, Makwanpur**

**Re- INVITATION FOR SEALED QUOTATION**

Second Date of Publication -2081/02/26
First Date of Publication -2081/02/03

Government of Bagmati Province, Ministry of Internal Affairs and Law, Hetauda, Makwanpur reinvites sealed Quotation (hard copy) from registered, eligible and interested bidders for the following works. For more detail bidders may contact at concerned office.

| Contract Identification Number | Description of Works | Cost of Bidding Document | Last date and time of Purchase of bid document | Last date of bid submission, opening time and place | Bid Security | Account Details | Estimate Amount NRS. |
|---|---|---|---|---|---|---|---|
| MOIAL/SQ/04/2080/081 | Power Backup at Ministry Of Internal Affairs and Laws, Bagmati Province Hetauda | NRS. 1000 | 2081-03-08 till 1700 Hrs. At concerned office | 2081-03-09 till 1200 Hrs. and 1400 Hrs. respectively at concerned office | NRS. 50,000 (75days) | Account Name: **Rajaswa Khata**: 1000100200010000 Rajaswa Shirshak no.14229 **Dharauti Khata**:1300100202030000 Bank Name: **Rastriya Banijya Bank** Hetauda, Makwanpur. office code : 3140032013 office name : Ministry of Internal Affairs and Law, Account Section, Hetauda, Makwanpur. | Nrs. 19,94,000.00 |



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORIANTO CONTRACTING AND SERVICE
पूर्व स्वीकृति मिति २०८१/०२/२४ | LT. No. 305964 | चलानी नं. ६०२२०७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Adviser | 1 | 0 | 3600 | १३१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 2 | 0 | 1500 | ५४,९२० | | | | | | | |
| 3 | General Clean Worker | 8 | 5 | 1000 | ३६,६१५ | | | | | | | |
| 4 | Labour | 16 | 0 | 1000 | ३६,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
श्रम इजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED UNIVERSEGENERAL TRADING COMPANY
पूर्व स्वीकृति मिति २०८१/०२/२५ | LT No :305967 | चलानी नं. ६०२२०६९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/worker/labour | 20 | 20 | 120 | ५२,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper/gym Helper/assistant/supporter | 20 | 20 | 130 | ५६,६२० | | | | | | | |
| 3 | Light Driver | 14 | 0 | 135 | ५८,७९५ | | | | | | | |

कम्पनी : RUNWAY LOUNGE BEAUTY SALON COMPANY
पूर्व स्वीकृति मिति २०८१/०२/२५ | LT No :305965 | चलानी नं. ६०२२०७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/helper/labor/worker | 0 | 3 | 80 | ३४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure/pedicure/nail Technician/hairdresser/beau | 0 | 10 | 150 | ६५,३३० | | | | | | | |

कम्पनी : TABIZ FOOD SUPLIES COMPANY
पूर्व स्वीकृति मिति २०८१/०२/२४ | LT No :305968 | चलानी नं. ६०२२०६८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant / Preparer | 5 | 0 | 150 | ६५,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pastry Cook | 1 | 0 | 200 | ८७,१०५ | | | | | | | |

कम्पनी : BLE SHARQ FOR COLD AND HOT DRINKS
पूर्व स्वीकृति मिति २०८१/०२/२४ | LT No :305966 | चलानी नं. ६०२२०६८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Instant Coffee Maker/operators | 0 | 1 | 130 | ५६,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAVE TIME DELIVERY SERVICE
पूर्व स्वीकृति मिति २०८१/०२/२४ | LT. No. 305950 | चलानी नं. ६०२२०७०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 9 | 0 | 180 | ७८,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786
E-mail : nationalexportsmc@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAMI AND MOAZ ABDULRAHMAN AL-LUHAIDAN COMPANY FOR TRADING, CONTRACTING AND TRANSPORT
पूर्व स्वीकृति मिति २०८१/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 304115 | चलानी नं. ६०२१८८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 22 | 0 | 1800 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAS MANPOWER COMPANY
पूर्व स्वीकृति मिति २०८१/०१/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 303614 | चलानी नं. ६०२१८३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 50 | 0 | 1800 | ६३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TARTINE CONFECTIONERY CORPORATION
पूर्व स्वीकृति मिति २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 287008 | चलानी नं. ६०१९२३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४२,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 5 | 0 | 1200 | ४२,५०० | | | | | | | |

कम्पनी : TARTINE CONFECTIONERY CORPORATION
पूर्व स्वीकृति मिति २०८०/०४/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 290071 | चलानी नं. ६०२०५३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 8 | 0 | 1200 | ४२,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |


अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम इजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



# वातावरणीय सुधारका अधुरा बाचा

**वातावरणीय ऐन तथा नीतिहरू आफैंमा राम्रा र पर्याप्त छन् । मात्रै प्रभावकारी कार्यान्वयन हुनु आजको आवश्यकता देखिन्छ । विकास र वातावरणीय सन्तुलन आजको आवश्यकता रहेको छ ।**

तस्बिरः रासस

■ प्रगति ढकाल

बाँच्नका लागि हावा चाहिन्छ । हामीले फेर्ने प्रत्येक श्वासमा प्रदूषित हावा छिर्दा कहिलेसम्म स्वस्थ्य रहौंला हामी ? वातावरणीय अवस्था नै बिग्रँदा हाम्रो स्वास्थ्यचाहिँ नबिग्रिएला त ? आफ्ना भावी पुस्ताका लागि सम्पत्ति जोडिदिनुपर्ने मान्यता लिएर होडबाजी गर्ने हामीले तिनै भावी पुस्ताको स्वास्थ्यलाई ख्याल गर्दै स्वच्छ वातावरण हस्तान्तरण गर्नुपर्ने हाम्रो दायित्व होइन र ? पछिल्लो समय यी र यस्तै बहसहरूले चर्चाचाहिँ पाउन थालेका छन् ।

'हाम्रो भूमि, हाम्रो भविष्य' भन्ने नाराका साथ भर्खरै विश्व वातावरण दिवस मनाइयो । तर, संविधानले प्रदान गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक कार्यान्वयन भएको छैन । वातावरणीय सन्तुलन बिग्रिएर बढेको तापक्रमले कयौं सर्वसाधरण मार परिराखेका छन् । सडकबाट उठ्ने धुलो छेक्न मास्क प्रयोग गर्न बाध्य हुनुपरेको छ ।

बर्सेनि सुक्खा बढिरहेको छ । खडेरीले खाद्य संकट निम्त्याउँदै छ । जलवायु परिवर्तनका कारण ती सेता हिमाल कालोपत्थरमा परिणत हुन थालेका छन् । वातावरणीय सन्तुलन बिग्रिएकै कारण बाढी, पहिरो, वन डढेलो, डुबान, तातो हावाको लहरजस्ता प्राकृतिक विपत्तिको त्रास पनि उस्तै छ । र त वातावरणीय न्यायका लागि सडकदेखि सदनसम्म र राष्ट्रिय तहदेखि अन्तर राष्ट्रिय तहसम्म आवाज उठ्न थालेको छ ।

> 'हाम्रो भूमि, हाम्रो भविष्य' भन्ने नाराका साथ भर्खरै विश्व वातावरण दिवस मनाइयो । तर, संविधानले प्रदान गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक कार्यान्वयन भएको छैन । वातावरणीय सन्तुलन बिग्रिएर बढेको तापक्रमले कयौं सर्वसाधरण मार परिराखेका छन् । बर्सेनि सुक्खा बढिरहेको छ । खडेरीले खाद्य संकट निम्त्याउँदै छ । जलवायु परिवर्तनका कारण ती सेता हिमाल कालोपत्थरमा परिणत हुन थालेका छन् । वातावरणीय न्यायका लागि सडकदेखि सदनसम्म र राष्ट्रिय तहदेखि अन्तर्राष्ट्रिय तहसम्म आवाज उठ्न थालेको छ ।

धनुषाका दीलिपकुमार महतोलाई चुरे उत्खनन तथा ढुंगा, गिट्टी चोरी-निकासीको घटनाले पिरोल्ने गर्थ्यो । पाँच वर्षअघि क्रसर उद्योगीले चुरे उत्खनन गरिरहेको घटना उनले टुलुटुलु हेरेर बस्न सकेनन् । विरोध गरी टिपर रोक्न कोसिस गरे, तर क्रसर उद्योगीले फलामको रडले घोचीघोची हत्या गऱ्यो । २४ वर्षकै कलिलो उमेरमा पर्यावरणको बचाउका खातिर आवाज उठाउँदा मृत्युवरण भयो उनको । आज चुरे बचाऊ र पानी देऊ : भन्दै माइतीघरमा धर्नामा बस्नेहरूको आवाजले पनि पर्यावरण बचाउन चर्को दबाब दिइरहेको छ । चुरे संरक्षणका कार्यक्रमलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा राखियो तर चुरेको माटो चुरेलाई सफा पानी सबैलाई भन्ने नारा अधुरै छन् ।

वर्तमान संविधानको धारा, ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकका रूपमा राखेको छ । वरिष्ठ अधिवक्ता दिनेशमणि त्रिपाठीले संविधानमा व्यवस्था भएको नागरिकको मौलिक हक कार्यान्वयन र पालना नभएको बताएका छन् । 'मौलिक हकमा उल्लेख भएपछि राज्यको अनिवार्य दायित्व रहले हक कार्यान्वयनका लागि राज्यले निरन्तर पहल गर्नुपर्छ,' उनले भने, 'पछिल्लो जलवायु परिवर्तनको असर देखिनु, काठमाडौं संसारको प्रदूषित सहरको सूचीमा सूचीकृत हुनु नेपालका लागि गम्भीर विषय भएकाले राज्यको सार्थक प्रयास जरुरी छ ।'

यसैगरी, संविधानको धारा, ४६ मा न्यायिक उपचारको हकको व्यवस्था गरिएको छ । पछिल्लो समय विश्वका अधिकांश मुलुकहरूले वातावरणीय हकलाई मौलिक हकका रूपमा राख्न थालेका छन् । वातावरण ऐन २०७६, वन ऐन २०७६ तथा राष्ट्रिय निकुञ्ज ऐन २०२९ को व्यवस्था गरिएको छ, तर यी ऐनहरू अक्षरश पालना नहुँदा वातावरणीय सुधारमा चुनौती थपिएको बताउँछन् त्रिपाठी ।

वि.सं. २०७८ असोज १८ गते वन तथा वातावरण मन्त्रालयले ४० माइक्रोनभन्दा कम पातालो प्लास्टिकको झोला ओसारपसारमा प्रतिबन्ध लगाइएको भनी राजपत्रमार्फत सूचना प्रकाशन गरेको थियो, तर आजसम्म उक्त नीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्दा लामो समयसम्म नकुहिने तथा नसड्ने प्लास्टिकजन्य वस्तुको व्यवस्थापन गर्न सकिएको छैन । यसैगरी बेलाबेला सरकारले वायु प्रदूषण गराउने सवारीसाधनलाई कारबाही गर्न छड्के जाँच गर्दा चर्चा चुलिने गरेको छ । सबै अन्तरसरकारी निकायबीचको समन्वय अगाडि बढाएर अधुरा रहेका नीतिगतको लक्ष्य कार्यान्वयन हुन जरुरी रहेको छ ।

## वातावरणीय सुधारका चुनौती र उपाय

वातावरण संरक्षण ऐन, २०७६ अनुसार वातावरण भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अवयवहरू तथा ती अवयवहरूबीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध हो । विभागकै उपसचिव मधुदेवी घिमिरेले विश्वमा आर्थिक क्रियाकलाप बढ्दै जाँदा वातावरणीय क्षति पनि बढिरहेको भन्दै क्षति न्यूनीकरणमा समयमा नै सचेतना अपनाउन आवश्यक रहेको बताएकी छन् । 'वन डढेलो, बाहय मिचाहा प्रजाति, बढ्दो जलवायु परिवर्तनको असर, कृषिमा विषादी प्रयोग हरितगृह ग्यास उत्सर्जन, पूर्वाधार निर्माणमा ढिलाइ, हरित प्रविधि प्रयोग नगरी बनाइएका इँटा उद्योग, पुराना सवारीसाधन, धुवाँधुलोका कारण वातावरणीय प्रदूषण गराइरहेको छ,' उनले भनिन्, 'वातावरण संरक्षणका लागि बनेका कानुन, ऐन, तथा नीतिहरू कार्यान्वयन हुन नसक्दा समस्या बढिरहेको छ, कार्यान्वयनका लागि अन्तरसरकारी निकायबीच समन्वय बढाउन जरुरी छ ।'

अव्यवस्थित सहरीकरण (घरायसी फोहोर, ढलपानी, अस्पताल, होटल, उद्योग क्षेत्रबाट निस्कने फोहोर), उद्योग, औद्योगिक क्षेत्रबाट निस्कने प्रदूषित वायु, प्रदूषित पानी, वायु प्रदूषण (सवारीसाधन, वन डढेलो), पूर्वाधार निर्माण कार्य (सडक, पुल, जलविद्युत्, भवनबाट निस्कने धुलो), प्राकृतिक स्रोतको अधिक दोहन, बाढीपहिरो, नदीजन्य सामग्रीका अव्यवस्थित उत्खननले वातावरणीय सन्तुलनमा खलल पुगिरहेको घिमिरेको भनाइ छ ।

उनका अनुसार जलवायुजन्य असर, अनावृष्टि, अतिवृष्टि, खडेरी, बाढी, वन डढेलो, खोलानालामा ढल विसर्जन, वातावरणीय अध्ययन नगराई सञ्चालन हुने, अध्ययन प्रतिवेदनको पालना नहुने, अनुगमन मूल्यांकन प्रभावकारी नहुनुलगायतका समस्या रहेका छन् । वातावरण कानुनलगायत अन्य कानुनको समयसापेक्ष संशोधन र स्पष्टता, वातावरण कानुन, वातावरणीय मापदण्डको पालना गर्नुपर्ने, तीनवटै तहका सरकार, निजी, गैसस, नागरिक समाजबीच वातावरणमैत्री योजना र विकासमा प्रतिबद्दता गर्न सकिए समस्या समाधान गर्न सकिने उनको भनाइ छ ।

घिमिरेले योजनाबद्ध सहरीकरण/विकास (बाटो, पानी, विद्युत्, ढल, हरियाली, खुला क्षेत्र), निर्धारित स्थानमा उद्योग औद्योगिक क्षेत्र स्थापना तथा सञ्चालन, वातावरणमैत्री प्रविधिको प्रयोग, ठोस तथा तरल फोहोरको वर्गीकरण, प्रशोधन, पुनःप्रयोग र विसर्जन, विकास निर्माण कार्य निर्धारित समयमै सम्पन्न, जलवायु अनुकूलन कार्यक्रम सञ्चालन कृषि बाली, तीन तहका सरकारबीच सहकारिता समन्वय र सहकार्य हुनुपर्नेमा जोड दिएकी छन् ।

## पर्याप्त नै छन् वातावरणीय सुधारका मापदण्डहरू

सवारी प्रदूषणसम्बन्धी मापदण्डमा नेपाल सवारी प्रदूषण मापदण्ड २०६९, ग्यास तथा पेट्रोलद्वारा चल्ने सवारीसाधनको प्रदूषणसम्बन्धी मापदण्ड २०५७ र पेट्रोल र डिजेलबाट चल्ने सवारीसाधनको प्रदूषणसम्बन्धी मापदण्ड, २०५४ जारी भएको छ । त्यस्तै, उद्योग प्रतिष्ठानहरूबाट निष्कासन हुने फोहोर पानीसम्बन्धी मापदण्ड, ध्वनिको गुणस्तरसम्बन्धी मापदण्ड नै वातावरणीय सुधारका मापदण्डहरू रहेका छन् ।

यसैगरी वायु गुणस्तर तथा धुवाँसम्बन्धी मापदण्डहरू सरकारले तय गरेको छ । जसअन्तर्गत इँटा उद्योगबाट निष्कासन हुने धुवाँ र चिम्नीको उचाइसम्बन्धी मापदण्ड, २०७४, इन्सिनिरेटर सञ्चालनबाट निष्कासन हुने धुवाँ तथा चिम्नीको उचाइसम्बन्धी मापदण्ड, २०७१, सिमेन्ट र क्रसर उद्योगबाट निष्कासन भई हावामा जाने धुलोसम्बन्धी मापदण्ड, २०६९ रहेका छन् । यसैगरी, डिजेल जेनेरेटरबाट निष्कासन भई हावामा जाने धुवाँको लागि उत्सर्जन सीमा २०६९, औद्योगिक बोइलरको सञ्चालनबाट निष्कासन हुने धुवाँ तथा चिम्नीको उचाइसम्बन्धी मापदण्ड २०६९ समेत रहेका छन् । यी मापदण्डको कार्यान्वयनको अवस्था मूल्यांकन हुन पनि उत्तिनै जरुरी छ ।

## अन्तर्राष्ट्रियस्तरका नेपालको प्रतिबद्धता कार्यान्वयन आवश्यक

सन् १९९२ जुन महिनामा १७२ राष्ट्रको प्रतिनिधि र सरकार प्रमुखहरूको पहिलोपटक ब्राजिलको राजधानी रिओ दि जेनेरिओमा सम्मेलन भएको थियो । उनीहरूले जलवायु परिवर्तनको मुद्दालाई लिएर विश्वव्यापी रूपमा चासो र चिन्ता व्यक्त गरे । जलवायु परिवर्तनको मुद्दा अन्तर्राष्ट्रियकरण भयो । सन् १९७२ मा स्वीडेनको राजधानी स्टकहोममा भएको सम्मेलनले उठाएको वातावरणसम्बन्धी मुद्दा नै कालान्तरमा जलवायु परिवर्तन र यसको न्यूनीकरणको विषयमा चासो चिन्ता लिन थालियो । विकसित र विकासशील राष्ट्रहरूले खेल्नुपर्ने भूमिकाका रूपमासमेत अन्तर्राष्ट्रिय सम्मेलनमा आवाज उठाइन थालियो ।

नेपालले स्टकहोममा भाग नलिए पनि रिओमा आफ्नो सहभागिता जनाएको थियो । त्यसपछिका हरेक जलवायुसम्बन्धी सम्मेलनमा सहभागिता जनाउँदै आइरहेको छ । गत नोभेम्भर ३० देखि डिसेम्बर १२ सम्म युएईको दुबईमा भएको जलवायु परिवर्तनसम्बन्धी २८औं अन्तर्राष्ट्रिय सम्मेलनमा विश्वका १९५ मुलुकका मानिसहरू एकै थलोमा जम्मा भएर जलवायुले विश्वव्यापीरूपमा सिर्जना गरेको समस्या र समाधानको उपायको विषयमा छलफल तथा बहस चलेको थियो ।

प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा दुबई गएको नेपाली टोलीले सो सम्मेलनमा हिमालको 'एजेन्डा'मा जोडदाररूपमा आवाज उठायो । प्रधानमन्त्री दाहालले धनि र विकसित मुलुकमा भएको औद्योगिक क्रान्तिले पृथ्वीको वायुमण्डलीय तहमा बढाएको हरितगृह ग्यास उत्सर्जनको कारण पृथ्वीको तापक्रम बढी नेपालले असर भोगिरहेको भन्दै जलवायु न्यायमा आवाज उठाए ।

जलवायुको असर बढ्दै गएमा हिमालको हिउँ पग्लने र कालापत्थरमा हिमाल परिणत हुने भन्दै नेपालले उठाउँदै आइरहेको आवाजका कारण पहिलोपटक कोप-२८ मा हिमालका मुद्दाले स्थान पाउन सफल भयो । नेपालले कतिपय वातावरणीय सुधारका लागि लिएका लक्ष्यहरू अधुरै रहे पनि सकारात्मक पाटो के छ भने नेपालले वातावरणीय न्यायका लागि आवाज बुलन्द बनाउँदै आएको छ । क्षमता अभिवृद्धि भइरहेको छ । यही जेठ ९ र १० गते नेपालले आयोजना गरेको 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद' मा २३ देशका विज्ञ एकैथलोमा बसेर नेपालको पर्वतीय क्षेत्रमा जलवायुले पारेको समस्या र निराकरणको उपाय खोजिएको थियो ।

दिगो विकास लक्ष्यले पनि सन् २०३० सम्ममा सबै देशमा जलवायुसँग सम्बन्धित घातक/हानिकारक कुराहरूका साथै प्राकृतिक विपद्को सामना गर्न उत्थानशीलता र अनुकूलन क्षमतालाई सुदृढ गर्ने, जलवायु परिवर्तनका उपायलाई राष्ट्रिय नीतिहरू, रणनीतिहरू र योजनामा एकीकृत गर्ने, र जलवायु परिवर्तनलाई कम गर्न अनुकूलन गर्न, प्रभाव घटाउन र यस सम्बन्धमा पूर्वसावधानी गराउन शिक्षा, सचेतना र मानव तथा संस्थागत क्षमतामा सुधार गर्नेलगायत प्रमुख परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएका छन् ।

लक्ष्यअन्तर्गत कार्बनडाइअक्साइड ग्यास उत्सर्जनलाई आधा घटाउने र सन् २०३० सम्ममा कम्तीमा १२० गाउँपालिकामा जलवायु परिवर्तन अनुकूलन योजना लागू गर्नेजस्ता परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएको छ । यसैगरी, हाल एउटा पनि जलवायु स्मार्ट गाउँ नभएकामा १७० गाउँलाई जलवायु स्मार्ट गाउँ बनाउने, हाल एउटा पनि जलवायु स्मार्ट खेती एकाइ नभएकामा ५०० जलवायु स्मार्ट खेती एकाइहरू बनाउने दिगो विकासको लक्ष्य रहेको छ ।

जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणालीहरू र तिनीहरूको सेवाहरू विशेषगरी वनजंगल, सीमसार क्षेत्र, हिमालयहरू र सुक्खा क्षेत्रहरूको संरक्षण, पुनःस्थापना र दिगो प्रयोग सुनिश्चित गर्ने, सबै प्रकारका वनहरूको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने र मरुभूमिकरणविरुद्ध लड्ने साथै दिगो विकासका निम्ति आवश्यक लाभहरू प्रदान गर्ने खालका क्षमता वृद्धि गर्नका निम्ति जैविक विविधतालगायत पर्वतीय पारिस्थितिकीय प्रणालीहरूको संवर्द्धन/संरक्षणलाई सुनिश्चित गर्नेजस्ता परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएको छ ।

काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ मा वायु प्रदूषण फोहोर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रुमर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीहरूलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख गरिएको छ ।

## वातावरणीय नीति कार्यान्वयन आवश्यक

राष्ट्रिय वातावरण नीति-२०७६ अनुसार प्रदूषण न्यूनीकरण गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्-चुम्बकीय तरंग, रेडियोधर्मी विकीरण, जोखिमपूर्ण रसायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने सरकारी रणनीति रहेको छ । प्रमुख सहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्सांकन गरिने रणनीतिमा उल्लेख छ ।

'औद्योगिक तथा अन्य क्षेत्रबाट निष्कासन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिने छ । उद्योग र अन्य व्यवसायहरूबाट निष्कासन हुने प्रदूषणयुक्त धुवाँ, धूलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने छ,' नीतिमा उल्लेख छ, 'घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चुल्हो, विद्युतीय चुल्हो, बायोग्यास, सुधारिएको चुल्हो, चिम्नीजस्ता उपकरणहरूको प्रवर्द्धन गरिने छ । ऊर्जा किफायती भवन निर्माणमा जोड दिइने छ ।'

प्रदूषण नियन्त्रणका लागि उत्सर्जनस्थल नक्सांकनका लागि विक्षेपणजस्ता नवीनतम् विधिहरूको प्रयोग गरिने पुनः प्रयोग गर्न नमिल्ने फोहोरलाई आवश्यकतानुसार फोहोर विसर्जन क्षेत्र, हानिकारक फोहोर विसर्जन क्षेत्र भष्मीकरण यन्त्रको माध्यमबाट सुरक्षित तरिकाले विसर्जन गरिने तथा औद्योगिक प्रतिष्ठान, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहोरलाई एकीकृत भष्मीकरण यन्त्र स्थापना गरी विसर्जन गरिने रणनीतिमा उल्लेख गरिएको छ । वातावरणीय ऐन तथा नीतिहरू आफैंमा राम्रा र पर्याप्त छन् । मात्रै प्रभावकारी कार्यान्वयन हुनु आजको आवश्यकता देखिन्छ । विकास र वातावरणीय सन्तुलन आजको आवश्यकता रहेको छ । *रासस*



**अवैध संरचना हटाउँदै** | पूर्व–पश्चिम राजमार्गको शुक्लाफाँटा नगरपालिकाअन्तर्गत पर्ने कलुवापुर क्षेत्रमा शुक्रबार अतिक्रमण गरी बनाइएका छाप्रा स्काभेटरको सहायताले हटाइँदै ।

*तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# बागमतीमा एक वर्षमा विपद्‌बाट ६१ जनाको मृत्यु

**मकवानपुर (प्रस)**– पछिल्लो एक वर्षको अवधिमा बागमती प्रदेशमा विपद्का विभिन्न घटनामा परी ६१ जनाको मृत्यु भएको छ । गत वर्षको जेठदेखि हालसम्म प्रदेशमा भएका ८३६ विपद्का घटनामा ६१ जनाको मृत्यु भएको हो । सो अवधिमा ६१ को मृत्यु, १७७ जना घाइते हुनुका साथै तीन जना बेपत्ता भएका प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयकी अधिकृत रविता कार्कीले जानकारी दिइन् । उनले सोही अवधिमा भएका घटनामा करिब ५१ करोड रूपैयाँका साथै १७८ पूर्वाधारको क्षति भएको बताइन् ।

विपद्‌मा परेर ६३१ पशुचौपाया मरेका मन्त्रालयले जनाएको छ । ‘प्रदेशमा ४९७ आगलागीका घटना, १२३ स्थानमा वन डढेलो, १९८ स्थानमा पहिरो गएका छन्,’ अधिकृत कार्कीले भनिन्, ‘४२ वटा जनावर आतक, १६ भारी वर्षा भएको तथ्यांक छ । त्यस्तै बाढी १२, हुरी ११, अन्य गैरप्राकृतिक विपद् तीन, सर्पदंश तीन, हिमपहिरो तीन र एकपटक भूकम्प गएको तथ्यांक मन्त्रालयसँग छ ।’

बागमती प्रदेश विपद्‌को दृष्टिकोणले बहुप्रकोपकारूपमा उच्च जोखिममा रहेको कार्कीले बताइन् । नुवाकोट, सिन्धुपाल्चोक, मकवानपुर, ललितपुर र काभ्रेपलाञ्चोकमा सबैभन्दा बढी पहिरोका घटना भएको उनले जानकारी दिइन् । दश वर्षको तथ्यांक हेर्दा सोही अवधिमा ११ हजार ८५२ जनाको मृत्यु भएको छ । उक्त समयावधिमा भूकम्पमा परेर आठ हजार ३७०, आगलागीमा ४६९, बाढीमा एक हजार १२८ र पहिरोमा एक हजार ८८५ जनाको मृत्यु भएको अधिकृत कार्कीले जानकारी दिए ।

# देवदह खयरडाँडामा भेटियो प्राचीन इनार



**लुम्बिनी (मर्चवार)**– गौतमबुद्धको मावली कोलीय गणराज्यको दरबार क्षेत्र दाबी गर्दै आइएको रूपन्देहीको देवदहस्थित खयरडाँडामा प्राचीन इनार फेला परेको छ । देवदह नगरपालिकाको आर्थिक सहयोगमा लुम्बिनी विकास कोष, पुरातत्त्व विभागले यही जेठ १६ गतेदेखि उत्खननका क्रममा इँटाबाट निर्मित दुई मिटर चौडाइ र साढे तीन मिटर गहिराइ भएको प्राचीन इनार भेटिएको लुम्बिनी विकास कोषका वरिष्ठ पुरातत्त्व अधिकृत हिमालकुमार उप्रेतीले जानकारी दिए । गत वर्ष लुम्बिनी विकास कोषले उत्खनन गर्दा इँटाको माथिल्लो भाग मात्रै देखापरेको थियो ।

‘गत वर्ष इनारको माथिल्लो भागमात्रै भेटिएको थियो, यस वर्ष इनारको बेस (तल्लो भाग)सम्म जाने योजनाअनुसार उत्खनन गर्दा इनारको पूर्ण आकार भेटिएको छ,’ उप्रेतीले भने । उनका अनुसार सो इनार कुन समयको भन्ने कार्बन डेटिङपछि मात्रै यकीन हुने छ । इनारको दक्षिणतर्फ पर्खालका भग्नावशेष पनि भेटिएको उप्रेतीले बताए । उत्खननका क्रममा खयरडाँडा क्षेत्रमा माटाका भाँडा, पर्खालका भग्नावशेष भेटिएका छन् ।

स्थानीयहरूले पुरातात्त्विकस्थल भन्ने थाहा नहुँदै इँटा लगेपछि संरचनाहरू देखिएको उप्रेतीको भनाइ छ । गौतमबुद्धको मावली कहाँ हो भन्नेबारेमा अहिले नै निर्क्योल गर्न नसक्ने भन्दै पुरातात्त्विक उत्खनन र अन्वेषण अझै बढाउनुपर्ने उनको भनाइ छ । रोहिणी पूर्वका नागरिकहरूले देवदहवासीका रूपमा भन्न मिल्ने उप्रेतीले बताए । तर बुद्धका समय र त्योभन्दा अगाडिका माटाका भाँडा र टुक्रा भने पण्डितपुरमा भेटिएका थिए । स्थानीयले भने बुद्धको मावली देवदहको दरबार नै यहाँ रहेको दाबी गर्दै आएका छन् ।

पुरातत्त्व विभागका अधिकृत राजेश परियारले तत्कालीन कोलीय राज्यका क्षेत्रमा निरन्तर उत्खनन आवश्यकता रहेको बताए । उनले खयरडाँडाको उत्खननबाट प्राप्त ऐतिहासिक तथ्य र प्रमाणलाई अध्ययन गरी आगामी दिनमा थप कदम अगाडि बढाइने बताए । *रासस*

# अवैध उत्खनन बन्द गर्न प्रमुख जिल्ला अधिकारीको निर्देशन

**मलेखु (धादिङ)**– धादिङको सिद्धलेक गाउँपालिकामा कृषि फार्म र सडक निर्माणका नाममा अवैधरूपमा सञ्चालन भइरहेको उत्खनन तत्काल रोक्न धादिङका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले सरोकार भएकालाई निर्देशन दिएका छन् । अवैधरूपमा खानी सञ्चालन गरी बालुवा निकासी गरेको र पालिकामा तिर्नुपर्ने वातावरण शुल्कसमेत नबुझाएपछि स्थानीय तीन दल र बहुमत कार्यपालिका सदस्यले छानबिन गरी आवश्यक कारबाही गर्न माग गरेसँगै प्रमुख जिल्ला अधिकारी पाण्डेले काम तत्काल रोक्न प्रहरीलाई निर्देशन दिएका हुन् । सिद्धलेक गाउँपालिकाका उपाध्यक्ष सविता अर्यालको अध्यक्षतामा बहुमत कार्यपालिका सदस्यको बैठकले विभिन्न आठवटा निर्णयको प्रतिलिपिसहित अनुसन्धान र कारबाही गर्न अनुरोध गरेको छ ।

गाउँपालिका कमिटिअन्तर्गत नेपाल कम्युनिस्ट पार्टी एमालेका अध्यक्ष रामहरि बराकोटी, नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्प थपलिया र नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीकी अध्यक्ष ईश्वरी अर्यालले हस्ताक्षर गरेको छ बुँदे ध्यानाकर्षणपत्र प्रमुख जिल्ला अधिकारी पाण्डेलाई बुझाइएको माओवादी केन्द्रका अध्यक्ष थपलियाले जानकारी दिए ।

गाउँपलिकाले २०८१ जेठ १८ गते पिपलटार एकीकृत कृषि फार्म प्रालि सिद्धलेक-७ लाई प्रचलित ऐन तथा कानुनको पालना गरी कृषि गर्नमात्र अनुमति दिइएको थियो । उक्त फार्मले सो क्षेत्रमा बालुवा भएको ठाउँ उत्खनन गरी दैनिक अवैध बालुवा निकासी गर्ने, कृषि फार्म सञ्चालन नगर्न दिइएको, अनुमतिका नाममा अवैध खानी सञ्चालन भइरहेको भन्दै कानुनविपरीतका काम बन्द गर्न पालिकाका अध्यक्षसहित अनुरोध गर्दा पनि सुनुवाइ नभएपछि प्रमुख जिल्ला अधिकारीसमक्ष अनुरोध गरिएको उनले बताए ।

अध्यक्षबाहेक बहुमत कार्यपालिका सदस्यले पिपलटार अमनटारमा कृषिजन्य कार्य गर्ने क्रममा (जमिन सम्याउँदा) निस्केको भनिएको माटोजन्य पदार्थ निकासी गर्दा पालिकामा कानुनबमोजिम कर तिर्नुपर्नेमा नतिरेकाले अवैधानिक उत्खनन् निकासी बन्द गर्न र निकासी गर्दा पालिकालाई राजस्व तिर्न माग गरिएका एकीकृत समाजवादी गाउँपालिका कमिटिका अध्यक्ष अर्यालले बताए ।

निजी जग्गाको माटोजन्य वस्तु निकासी गर्दा बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८० अनुसार प्रतिक्युफिट तीन रूपैयाँ ५० पैसाका दरले पलिकामा कर तिर्नुपर्नेमा प्रावधान छ । उक्त कर नतिरेपछि यही जेठ १९ गतेको सर्वदलीय बैठकमा बसेर छलफल भएको थियो । ‘पालिका अध्यक्षले सो बापतको रकम तिराउँछु भने पनि पालिकामा जम्मा नभएकाले पालिकालाई हानिनोक्सानी पुऱ्याएको भन्दै कानुनविपरीतका कार्य बन्द गर्न माग गरेका हौं,’ एमाले गाउँपालिका कमिटीका अध्यक्ष बराकोटीले भने ।

गत वर्ष बागमती प्रदेश सरकारले पिपलटार अमनटार सडक निर्माण गर्न १० लाख रूपैयाँ दिएको थियो । सडक निर्माण गर्दा निस्किएको माटोजन्य पदार्थको निकासी शुल्क १८ लाख एक हजार ८०० रूपैयाँ पालिकाको खातामा जम्मा गर्नुपर्नेमा पिपलटार अमनटार सडक स्तरोन्नति आयोजना उपभोक्ता समितिले ६८ हजार २०० रूपैयाँमात्र जम्मा गरेकाले बाँकी रकम तत्काल जम्मा गर्नसमेत माग गरिएको अध्यक्ष बराकोटीले बताए । *रासस*


## हरिवन नगरपालिका, ९ नं. वडा कार्यालय
हरिवन, सर्लाही, मधेश प्रदेश

**सूचना सूचना सूचना**

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही हरिवन न.पा. वडा नं. ८ मा वस्ने छत्र बहादुर सार्कीको नाति हर्क बहादुर सार्कीको छोरा बम बहादुर सार्की र अमर बहादुर सार्कीको नाममा नम्बरी दर्ता कायम हरिवन वडा नं. ९ मा रहेको जिल्ला सर्लाही हरिवन वडा नं. २क कि.नं. ६२२ क्षेत्रफल ०-३-० जग्गाको धनी प्रमाण पुर्जाको मोही महलमा जदु माया मगरनी उल्लेख रहेको हुँदा जग्गा धनी बम बहादुर सार्की र अमर बहादुर सार्कीले मोही लगत कट्टाका लागि सिफारिस पाऊँ भनी हरिवन न.पा. ९ नं. वडा कार्यालयमा दिनु भएको निवेदन अनुसार मोही वा सोको सम्बन्धित हकदारले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा हकदावीका लागि आवश्यक कागजात पेश गर्नुहुन सम्बन्धित सरोकारवालामा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना
दोस्रो पटक प्रकाशित मिति २०८१/०२/२६

यस कम्पनीको मिति २०८१/०१/१३ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **वाइवा फर्निचर उद्योग एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. ३१३६२५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०१/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वाइवा काष्ठ उद्योग प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## धितोमा रहेको सम्पती लिलाम विक्री सम्बन्धी ७ दिने गोप्य बढबढाबढको सिलबन्धी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना
**(पुनः प्रकाशित मिति २०८१ साल जेष्ठ महिना २६ गते शनिबार)**

यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पती धितो सुरक्षण राखी ऋण लिनु भएको तपसिलका ऋणी सदस्यहरुले ऋणको साँवा, व्याज र हर्जना समेत नतिरी/नबुझाई लिखत अनुसारको ऋण सम्बन्धी शर्तहरु पटक-पटक उलंघन गरेकाले बारम्बार लिखित तथा मौखित ताकेता गर्नुका साथै कारोबार राष्ट्रिय दैनिक पत्रिकामा **मिति २०८० साल फाल्गुन १६ गते ३५ दिने कर्जा चुक्ता गर्न आउने बारेको सूचना** र जनसवाल राष्ट्रिय दैनिक पत्रिकामा **मिति २०८० साल चैत्र ३० गते धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य बढाबढको सिलबन्धी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत आफुले बुझाउनुपर्ने ऋणको ऋणी तथा जमानीकर्ता कसैले पनि ऋण कर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि नतिरेको/नबुझाएको एंव ऋण जमानत दायित्व फाछ्यौंट नगरेको हुँनाले ऋणी एंव धितो जमानतकर्ताले यस संस्थालाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पती धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा र परिमाणमा यो धितो लिलामको सूचना प्रकाशित गरिएको छ । संस्था सँग भएको शर्त, कबुलियत, तमसुक बमोजिमको धितोको जग्गा जे जस्तो छ सोही अवस्थामा प्रचलित कानुन तथा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६, बागमती प्रदेश सहकारी नियमावली २०७६, ले दिएको अधिकार प्रयोग गरि तथा यस संस्थाको विनियम अनुसार यस कार्यालयमा तल उल्लेखित मिति र समयमा धितो लिलामको गोप्य सिलबन्धी बोलपत्र आव्हान गरिने हुँदा सो धितो खरिद/सकार गरी लिन इच्छुक सर्वसाधाहरणहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा प्रचलित कानुन तथा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६, बागमती प्रदेश सहकारी नियमावली २०७६, ले दिएको अधिकार प्रयोग गरि ऋणी तथा जमानीकर्ताको अन्य चल, अचल जायजेथा, श्रीसम्पती बाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानी कर्ताहरुको विवरण |
|---|---|
| **नाम : लाल गोपाल लम्साल**<br>बाबुको नाम : गुरुदत्त उपाध्याय<br>बाजेको नाम : पदम पाणी उपाध्याय<br>ठेगाना : चिन्नेवास -७, स्याङ्जा<br>हालको ठेगाना : काठमाण्डौ-२६, सामाखुशी<br>ना.प्र.नं. : ७४८१<br>जारी मिति र जिल्ला : २०४५।०५।३० / स्याङ्जा  | **१.नाम : बसन्धरा पौडेल**<br>बाबुको नाम : सालिक राम पौडेल<br>पतीको नाम : लाल गोपाल लम्साल<br>ठेगाना : लाहाचोक-६, कास्की<br>हालको ठेगाना : काठमाण्डौ-२६, सामाखुशी<br>ना.प्र.प.नं. : ५४८५७<br>जारी मिति र जिल्ला : २०५४।०४।१४ / कास्की  |

**धितो सुरक्षणको विवरण** : श्री लाल गोपाल लम्सालको नाममा मालपोत कार्यालय मनमैजु काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको साविक मनमैजु गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. २३७ को क्षेत्रफल १०३.३२ वर्ग मिटर जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**लिलाम विक्रिका शर्तहरुः**
१. बोलपत्र फारम यस संस्थाबाट रु. ५००।- (अक्षरेपी पाँच सय मात्र) तिरि खरिद गर्नुपर्नेछ ।
२. लिलामका अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले बोलेको कुल रकमको १०% ले हुने नगद रकम धरौटी बापत तुरुन्तै (डाँक बढाबढ गरेकै बखतमा) यस संस्थामा बुझाउनु पर्नेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृत पत्र पाएको मितिले ७ दिने भित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ । नबुझाएमा धरौटी रकम जफत गरिनेछ । त्यस पछि दोश्रो बढी कबोल गर्ने व्यक्तिलाई मौका दिईनेछ ।
४. धितो सुरक्षण रहेको अचल सम्पती लिलाम विक्रीमा सकार गरी लिनेले अचल सम्पती दाखिता/खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर बापतको नगद रकम सबै आफैले व्यहोर्नु पर्नेछ ।
५. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खोलेको दिनमा तोकिएको समयमा हुनेछ ।
६. लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई धितोको सुरक्षणको अचल सम्पती दिइने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. लिलाम हुने अचल सम्पतीको बारेमा बुझ्नु पर्ने भएमा संस्थाको कार्यालयमा आई कार्यालय समय भित्र बुझ्नु पर्नेछ ।
८. जग्गाधनी वा निजको प्रतिनिधि लिलाम विक्री हुने समयमा उपस्थित हुनुपर्नेछ । तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।
९. म्याद नाघि आएको वा रित नपुगी आएको वा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिनेछैन ।
१०. कुनै अड्डा अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश आएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धीत व्यक्तिलाई फिर्ता दिइनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिनेछैन ।
११. बोलपत्र स्वीकृत हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता गरिनेछ । धरौटी रकममा ब्याज दावि गर्न पाईनेछैन ।
१२. धितो लिलाम विक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरि लिन सक्नेछ ।
१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

**धितो लिलाम हुने मिति, समय र स्थानः**
**लिलाम हुने मिति : २०८१ असार २ गते आइतबार**
**स्थानः संस्थाको प्रधान कार्यालय, टोखा-१०, सामाखुशी चोक** | **समयः दिनको २ : ०० बजे**

**नव धवलागिरि बचत तथा ऋण सहकारी संस्था लि.**
**टोखा नगरपालिका – वडा नं. १०, समाखुशी चोक, काठमाण्डौ**
**फोन नं. ०१-४९८३७७४, ५९००८५६**


## कुवेतमा वैदेशिक रोजगारको अवसर
कम्पनी : **VERKO CENTRAL MARKET CO FOR NON-FOODSTUFF**
पूर्व स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 305961 | चलानी नं. ६०२२०७०६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mattress (Clenaer) | 10 | 0 | 120 | ५२,२६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Reporter (Indoor) | 6 | 0 | 120 | ५२,२६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.**
श्रम ईजाजत नं.८०१/०६५/०६६
Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +977-01-4385075
Mobile: +9779813894052, +9779845198993, E-mail : swifthrgroup@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : **GLOBAL WING GENERAL CONTRACTING EST**
पूर्व स्वीकृति मितिः २०८०/०४/०८ | पुन विज्ञापन स्वीकृति मितिः २०८१/०२/२५ | LT. No.289775 | चलानी नं. ६०२०५११३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDER | 4 | 0 | 1200 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २ गते (16th June 2024) मा हुनेछ ।**


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी : **SALON AL INSAF WLL**
पूर्व स्वीकृति मिति २०८१/०२/१८ | LT. No. 286893 | चलानी नं. ६०२०२२५१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 4500 | १६४,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Beautician | 0 | 8 | 1800 | ६५,९०५ | | | | | | | |
| 3 | Hanna Beautician | 0 | 2 | 1800 | ६५,९०५ | | | | | | | |
| 4 | Manager Variety | 0 | 1 | 6000 | २१९,६८५ | | | | | | | |
| 5 | Supervisior | 0 | 2 | 2500 | ९१,५३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।**


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## कुवेत/साउदी/युएईमा वैदेशिक रोजगारको अवसर
कम्पनी : **PREP FOOD SUPPLIES COMPANY**
पूर्व स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 305986 | चलानी नं. ६०२२०७२५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 150 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |
| 3 | Commi 1. | 10 | 0 | 150 | ६५,३२० | | | | | | | |
| 4 | Cook | 10 | 0 | 250 | १०८,८८५ | | | | | | | |
| 5 | Labor | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |

कम्पनी : **FRONTEN GLOBAL TECHNICAL AND CLEANING SERVICES**
पूर्व स्वीकृति मिति २०८१/०१/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 303603 | चलानी नं. ६०२१८४२२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 800 | २९,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sales Officer | 10 | 10 | 2000 | ७२,५७५ | | | | | | | |
| 3 | Waiter | 10 | 0 | 900 | ३२,६६० | | | | | | | |
| 4 | Marketing Manager | 0 | 3 | 5000 | १८१,४३५ | | | | | | | |
| 5 | Sales Manager | 3 | 0 | 5000 | १८१,४३५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४३,५४५ | | | | | | | |
| 7 | Tile Layer | 2 | 0 | 1200 | ४३,५४५ | | | | | | | |
| 8 | Light Vehicle Driver | 1 | 0 | 2000 | ७२,५७५ | | | | | | | |
| 9 | Painter | 1 | 0 | 1200 | ४३,५४५ | | | | | | | |

कम्पनी : **DUBAI OASIS COMPANY**
पूर्व स्वीकृति मिति २०८१/०२/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 305143 | चलानी नं. ६०२१९८८१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **PLATINUM HANDS PACKING & REPACKING SERVICES**
पूर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : **MAWARID SERVICES COMPANY LLC**
पूर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **ALABAAD ALKHAMSAH SECURITY SERVICES**
पूर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 52 | 17 | 1200 | ४३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।**


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Future Star Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

# प्रभाव दैनिक

शनिबार २६, जेठ २०८१ (Saturday, June 8, 2024)


रूपशाला



## 'गोविन्दको 'तँईका ठमक' सार्वजनिक

अभिनेत्री प्रियंका कार्की र बेनिषा हमाल अभिनित नयाँ म्युजिक भिडियो 'तँई का ठमक' सार्वजनिक भएको छ । पश्चिमेली शैलीको गीतको भिडियोमा प्रियंका र बेनिषालाई अभिनयमा पुरूष मोडलको रूपमा गोविन्द भट्ट र बाबुल गिरीले साथ दिएका छन् । भिडियोमा प्रियंका र बेनिषाको हट अवतार देख्न सकिन्छ । गोविन्द भट्ट यस गीतका गीतकार हुन्, भने बाबुल गिरी संगीतकार । भिडियोमा प्रियंकार बेनिषासँग दुबैको जोडी सुहाएको देख सकिन्छ । गीतमा संगीतकार गिरी र इब्सल सन्ज्यालको स्वर छ । गीतको एरेन्ज धनबहादुर गिरीले गरेका हुन् । गरिमा फिल्मस्ले निर्माण गरेको भिडियो माइकल चन्दले निर्देशन गरेका हुन् ।

# 'सतीदेवी'को टिजर: नारीको दु:खका कथा



■ प्रभाव संवाददाता

**काठमाडौं** – लक्ष्मण सुवेदी निर्देशित नारीप्रधान फिल्म 'सतीदेवी'को टिजर सार्वजनिक भएको छ । मलिका महतको शीर्ष भूमिका रहेको फिल्मको टिजरले फिल्मको कथावस्तु, चरित्र चित्रण झल्काएको छ । टिजरले समाजले छोरीप्रति गर्ने विभेदहरू झल्काएको छ। फिल्मले छोराको आशामा छोरी जन्माउने र समाजले छोरीलाई हेलाको सिकार बनाउन कथा उठाएको छ । फिल्ममार्फत निर्देशक सुवेदीले छोरीको अस्वीकार गर्ने पितृसत्तात्मक सोचलाई थुप्रै प्रश्न गरेका छन् । टिजरले पनि ति कुरो झल्काएको छ ।

फिल्मको कथा मुख्य पात्र सतीदेवी अर्थात् मलिकाको वरपर घुम्छ । छोरी भएर पनि छोर ासरह उभिएर परिवारलाई जोगाउन खोजेको कथा फिल्ममा देख्न सकिन्छ ।

पछिल्लो समय महिलाको मुख्य भूमिका रहेको फिल्म बजार भित्रिन थालेको छ । 'सतीदेवी' नारीप्रधान विषयमा बनेको एउटा सशक्त फिल्म भएको बताइन्छ ।

फिल्मले दक्षिण एसियाली सौराहा फिल्म फेस्टिभल र सेलिब्रेटी नेपालले आयोजना गरेको ग्रामीण फिल्म फेस्टिभलमा अवार्ड जितेको छ । यसअघि 'एउटा साथी' र 'लालजोडी' निर्देशन गरेका सुवेदीको यो तेस्रो फिल्म हो ।

फिल्ममा मलिकाका अलवा हर्षिका वली, मञ्जिला बानियाँ, सन्दीपबाबु लोहनी, रमेश बुढाथोकी, कुलबहादुर अधिकारी, भोलाराज सापकोटा लगायतको अभिनय छ । लक्ष्मण सुवेदी फिल्म्सको ब्यानरमा यो फिल्मलाई श्रीदेवी सुवेदी र विशाल सुवेदीले निर्माण गरेका हुन् । फिल्मको पटकथा र गीत पनि सुवेदीकै छ । फिल्मको रिलिज मिति साउन ४ तोकिएको छ ।

फिल्ममा नारीको कथा राम्रोसँग बुनिएको भएकोले दर्शकलाई रुहाउने निर्देशक सुवेदीले बताए । 'नारी कथाका केही फिल्म पहिले पनि आए । केही आउने तयारीमा पनि छन्', सुवेदीले भने ''सतीदेवी' जस्तो कथामा फिल्म बनेकै छैन ।' फिल्मले दर्शकलाई रुहाउने उनको भनाई छ ।

रंगशाला

# पहिलो ई-स्पोर्ट्स राष्ट्रिय च्याम्पियनसिप असार मध्यमा




■ प्रभाव संवाददाता

**काठमाडौं** – ई स्पोर्ट्स संघ नेपालले पहिलो राष्ट्रिय च्याम्पियनसिप असार मध्यमा गर्ने भएको छ । कर्णाली प्रदेशको राजधानी सुर्खेतमा हुने प्रतियोगिता असार १४ र १५ गते सञ्चालन हुने अध्यक्ष अन्जन धमलाले जानकारी दिएका हुन् ।

ई स्पोर्ट्सको लोकप्रिय खेल विधा पब्जी मोबाइल, मोबाइल लिजेण्ड व्याङ्ग ब्याङ्ग (एमएलबीबी) र ई-फुटबललाई प्रतियोगितामा समावेश गरिएको उनले जानकारी दिए । प्रतियोगिताका खेलहरू भर्चुअल र फिल्ड इभेन्ट्सका रूपमा सञ्चालन हुनेछन् ।

पब्जी मोबाइलको छनोट अनलाइनमार्फत हुने र अन्तिम १६ को फाइनल राउन्ड भौतिक रूपमा हुनेछ । मोबाइल लिजेन्डका सम्पूर्ण खेल अनलाइन र ई फुटबलको प्रारम्भिक छनोट अनलाइन र सेमिफाइनल र फाइनल खेल भौतिक रूपमा सञ्चालन गरिनेछ । लोकप्रियता, अन्तराष्ट्रिय सम्भावना र लगानीका हिसाबले सम्भावना बोकेका तीन खेललाई पहिलो राष्ट्रिय च्याम्पियनसिपमा समावेश गरिएको धमलाले जनाए ।

प्रतियोगिताको पुरस्कार राशी अर्थात प्राइज पुल १२ लाख रूपैयाँको रहेको छ । जम्मा प्राइज पुलको ७० प्रतिशत पुरस्कार पब्जी मोबाइलमा २० प्रतिशत पुरस्कार एमएलवीवी र १० प्रतिशत पुरस्कार ई फुटवलमा बाँडिने छ । तीन वटै खेल विधाका विजेताले आसन्न एसियन ई स्पोर्ट्स च्याम्पियनसिपको नेपाल छनोटको फाइनल चरणमा स्थान सुरक्षित गर्ने धमलाले जानकारी दिए ।

प्रतियोगितामा प्रदेश र क्लब गरि तीन सय बढी टिमका १५ सय बढी खेलाडीले छनोट चरणबाट भाग लिने अनुमान गरिएको छ। टिम दर्ता शुक्रबारदेखि असार १ गतेसम्म खुल्ला रहनेछ। ईशानको वेव साईटमा गएर टिम दर्ता गर्न सकिनेछ र केन्द्रीय कार्यालयमा समेत सम्पर्क गरेर टिम दर्ताको सुविधा उपलब्ध गराइएको छ। अनलाइन छनोट असार ४ देखि १० गतेसम्म र ल्यान (भौतिक) ईभेन्ट असार १४ र १५ गते सुर्खेतमा सञ्चालन हुनेछ । प्रतियोगितामा १६ वर्षमाथिका खेलाडीले मात्र सहभागीता जनाउन पाउने अध्यक्ष धमलाले जानकारी दिए ।

# फिल्म 'मोदीबेनी' को 'क्यारेक्टर' पोस्टर

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी साउन १८ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'मोदीबेनी'को 'क्यारेक्टर' पोस्टर सार्वजनिक गरिएको छ ।

फिल्मकी अभिनेत्री वर्षा सिवाकोटी र अभिनेता अमर प्रताप श्रेष्ठलाई समेट्दै सार्वजनिक दुईवटा छुट्टाछुटै पोस्टरले उनीहरूको फिल्मको चरित्रचित्रण गरेको छ । वर्षालाई पोष्टरमा रिसाएको भावमा प्रस्तुत गरिएको छ भने अमर एक्सनको अवतारमा देखाइएको छ ।

शङ्कर कोइरालाले निर्देशन गरेको यस फिल्ममा रेजिना उप्रेती, प्रवीण खतिवडा, सरोज खनाल, कमलमणि नेपाल, जीवन भट्टराई, स्नेहा भट्टराई, सरोज अर्याल, दीलिप केसी, लाबिस, अनामिका लामिछाने लगायतको फिल्ममा अभिनय छ । यस फिल्मबाट रेजिनाले ९ वर्षपछि कमब्याक गरेकी हुन् । कुशल सम्पादक रहेका कोइरालाको फिल्म निर्देशनमा यो डेभ्यु फिल्म हो ।

पर्वत जिल्लाको धार्मिक क्षेत्र मानिने मोदीबेनीमा घटेको एउटा अविश्वसनीय घटनामा आधारित भएर फिल्म बनाइएको बताइएको छ फिल्ममा आनन्द बिक्रम क्षेत्रीको कथा, पटकथा र संवाद छ । डिनेस्ट इन्टरटेनमेन्टको प्रस्तुतिमा बनेको यस फिल्मको निर्माता दीलिप केसी हुन् भने सह-निर्मातामा हरि श्रेष्ठ छन् । फिल्ममा भरत रेग्मीको सम्पादन रहेको छ भने फिल्मलाई रिच इन्टरटेन्मेन्टले काठमाडौं उपत्यका तथा एफडीले उपत्यकाबाहिर वितरण गर्दैछन् ।





## सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा

### औषधी तथा सर्जिकल सामाग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०२/२६**

यस कार्यालयको चालु आ.ब. ०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नेपाल सरकारको स्वास्थ्य संस्थाहरु बाट नि:शुल्क वितरण गर्ने गरी तोकिएको सूची बमोजिम औषधी तथा सर्जिकल सामानहरु खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र इजाजत प्राप्त फर्महरूबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. योग्य दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धि कागजातहरु मिति २०८१/०२/२६ देखि २०८१/०३/०९ गतेको कार्यालय समयसम्म यस नगरपालिकाको कार्यालय, सबैला, धनुषा बाट रु. १० को टिकट टाँसी लिखित निबेदन पेश गरी दरभाउपत्र कागजात खरिद गरी शिलबन्दी दरभाउपत्र दर्ता गराउन सकिनेछ । यस्तो निबेदनको साथमा निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ ।
   क. कम्पनि/फर्म दर्ता प्रमाणपत्रको नोटरीपब्लिकद्वारा प्रमाणित प्रतिलिपी ।
   ख. मु.अ. करमा दर्ता भएको प्रमाणपत्रको नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपि ।
   ग. आ.ब.०७९/०८० सम्मको कर चुक्ता प्रमाण पत्रको नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपि ।
   घ. प्रोपराइटर स्वयम उपस्थित हुन नसकेमा निजको अधिकारिक मञ्जुरिनामा पत्र ।
   ङ. शिलबन्दी दरभाउपत्र फारामकोसाथमा दस्तुर रु.१०००।- (अक्षरेपी एक हजार) मात्र फिर्ता नहुने गरि एन. आई.सि.एशिया बैंक लि. सबैला धनुषाको शाखा स्थित सबैला नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ०३१२०५००३९४५९००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी शिलबन्दी दरभाउपत्र फाराम लिन सकिनेछ ।
२. शिलबन्दी गरिएको दरभाउपत्र मिति २०८१/०३/१० गते दिनको १२.०० बजे भित्र बुझाउनु पर्नेछ। ढिलो गरी आएको प्राप्त शिलबन्दी दरभाउ स्वीकार गरिने छैन ।
३. तोकिएको समयभित्र रितपूर्वक पेश भएको शिलबन्दी दरभाउपत्रहरु दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा सबैला नगरपालिकामा मिति २०८१/०३/१० गते अपरान्ह २:०० बजे खोलिने छ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएता पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन। शिलबन्दी दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए बमोजिमको जमानत बापतको रकम यस कार्यालयको सबैला शाखा स्थित एन आई सि एशिया बैंक लि.को धरौटी खाता नं. ०३१२०५००३९४५९००६ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको जमानी पत्र पेश गर्नु पर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अबधि दरभाउपत्र खोलिने मितिबाट ७५ दिन भएको हुनु पर्नेछ ।
४. शिलबन्दी दरभाउ पत्र साथ आपूर्ति हुने सम्पूर्ण औषधी र सर्जिकल सामानहरु WHO/ GMP Certified हुनुपर्ने छ, नबिकरण गरिएको प्रमाणपत्र र औषधि व्यवस्था बिभाग बाट प्राप्त नबिकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपिहरू अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
५. कुनै वा सबै दरभाउपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।
६. धुलो र झोल औषधिहरु बाहेक अन्य बाँकी औषधीहरु Strip मा आपूर्ति गर्नु पर्नेछ, बोतलमा आपूर्ति हुने सबै औषधी तथा सर्जिकल सामाग्रीहरु शिलबन्दी हुनु पर्नेछ ।
७. सप्लाई हुने प्रत्येक औषधी तथा सर्जिकल सामानहरुको strip/labeling/packing को बाहिर उत्पादन कम्पनीको नाम, उत्पादन मिति, ब्याच नं. र Expiry date अनिवार्य रुपमा लेखेको हुनुपर्ने छ ।
८. आपूर्ति हुने औषधी र सर्जिकल सामानहरुको को Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनुपर्ने छ। तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अबस्था भएमा कुल म्यादको ७५ प्रतिशत म्याद बाँकी हुनुपर्ने छ ।
९. सबैला नगरपलिका कार्यालयको हाता सम्म औषधी तथा सर्जिकल सामाग्रीहरुको ढुवानी बापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।
१०. सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४० को (ङ) बमोजिम दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र ब्यबसाय सम्बन्धि कसुरमा सजाय नपाएको भनि लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।
११. औषधी र सर्जिकल सामाग्रीहरुको लेबलमा नेपाल सरकारद्वारा निशुल्क वितरणको लागि भनी लोगो छाप अनिवार्य हुनु पर्नेछ ।
१२. दरभाउ पत्रको प्रत्येक पानामा दरभाउ पत्र दाताको अधिकारिक व्यक्तिको सहि र छाप हुनुपर्ने छ ।
१३. दरभाउपत्र पेश गर्दा मु.अ.क. बाहेकको दर उल्लेख गर्नुपर्ने छ ।
१४. दरभाउपत्रद्वारा खरिद हुने औषधी र सर्जिकल सामानहरुको सुची दरभाउपत्र फारम साथ उपलब्ध हुनेछ ।
१५. दरभाउपत्र स्वीकृत भएपछि नियमानुसार धरौटी बापत थप ५ प्रतिशत ले हुन आउने रकम वा बैंक जमानत पेश गर्नु पर्नेछ ।
१६. यो सूचनामा उल्लेख भएको कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुने छ ।
१७. अन्य आवश्यक कुराहरु जानकारी लिनुपर्ने भएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

| क्र.सं. | ठेक्का न. | बिबरण | इस्टिमेट अंक मु.अ.कर समेत | जमानत रकम | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | SM/SQ/GOODS 2080-81/05 | दरभाउपत्र फारममा उल्लेख भए बमोजिमका औषधी तथा सर्जिकल सामानहरु | रू.४८,६४,९७५/- | रू. १,४५,९५०/- | २०८१/०३/०९ |

**प्रमुख प्रशासकीय अधिकृत**



इजरायली लडाकु विमानहरूले मध्य गाजा पट्टीको बुरेइज र माघाजी शरणार्थी शिविरहरूमा लक्षित गरी आक्रमण गरेपछि त्यहाँबाट विस्थापित प्यालेस्टाइनीहरू अन्यत्र जाँदै । *तस्बिरः सिन्ह्वा*

# मे महिनामा चीनको निर्यात बढ्दा आयात घट्यो

**बेइजिङ–** मे महिनामा चीनको निर्यात अपेक्षा गरिएभन्दा निकै बढी बढेको तर आयातमा कमी आएको सरकारी तथ्यांकले शुक्रबार देखाएको छ । राजस्व प्रशासनले अप्रिलको १.५ प्रतिशतको तुलनामा निर्यातमा धेरै राम्रो भएको र यो दरले ब्लुमबर्ग सर्वेक्षणमा विश्लेषकले गरेको ५.७ प्रतिशतको पूर्वानुमानलाई पनि उछिनेको बताएको छ ।

चीनमा निर्याततले ऐतिहासिकरूपमा एक महत्त्वपूर्ण आर्थिक इन्जिनको रूपमा सेवा गरेको छ । विदेशी निर्यातको राम्रो प्रदर्शनले हजारौं कम्पनीहरूको रोजगारीमा प्रत्यक्ष प्रभाव पारेको छ। पछिल्लो आँकडाले लगातार दोस्रो महिनाको वृद्धिको प्रतिनिधित्व गर्दछ । अघिल्लो वर्षको तुलनामा मार्चमा छोटो समयका लागि चीनको निर्यात दरमा ७.५ प्रतिशत गिरावट आएको थियो ।

पछिल्लो समय महाशक्ति राष्ट्रहरूबीच जारी भूराजनीतिक विवादका बीच संयुक्त राज्य अमेरिकासँगको संयुक्त निर्यात र आयात मे महिनामा १.४ प्रतिशतले घटेको छ । सन् २०२० पछि पहिलोपटक चीनले रूसलाई निर्यात गरेको र चीन र रूसबीचको व्यापार गत महिना २.९ प्रतिशतले वृद्धि भएको छ ।

सन् २०२२ मा रूसले युक्रेनमाथि आक्रमण गरेपछि बेइजिङ र मस्कोबीच आर्थिक र राजनीतिक सम्बन्ध मजबुत भएको छ । चीनको कूल आयात अप्रिलमा ८.४ प्रतिशतले वृद्धि भएकोमा मे महिनामा थप १.८ प्रतिशतले वृद्धि भएको तथ्यांकले देखाएको छ ।

सन् २०२२ को अन्त्यमा कडा महामारी प्रतिबन्धहरू हटाएपछि चीनमा बहुप्रतिक्षित आर्थिक पुनरुत्थान अपेक्षा गरिएभन्दा कम भएको छ । बेइजिङका नीति निर्माताहरूले अब अनिश्चित आर्थिक स्थितिको सामना गरिरहेका छन्, किनकि रियल स्टेट क्षेत्रमा ऋण संकट र उच्च युवा बेरोजगारीले उपभोक्ताको विश्वासलाई तौलने खतरा छ । निर्यातमा पछिल्लो उछालले चीनको व्यापार अधिशेष अप्रिलमा ७२.४ अर्ब डलरबाट ८२.६ अर्ब डलरमा पुर्‍याएको छ । *रासस/एएफपी*

# शान्ति शिखर सम्मेलनले युद्धको अन्त्य गर्ने जेलेन्स्कीको आशा

**पेरिस (फ्रान्स)–** युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनमा शान्ति ल्याउन यस महिना स्विट्जरल्यान्डले आयोजना गरेको शिखर सम्मेलनले सहयोग गर्ने आशा व्यक्त गरेका छन् । फ्रान्सेली संसद्लाई सम्बोधन गर्दै जेलेन्स्कीले युद्धको उचित अन्त्यको लागि शान्ति शिखर सम्मेलन एक ढाँचा बन्न सक्ने र यसले द्वन्द्व समाधानको नजिक ल्याउने रुसले युक्रेनमा आक्रमण गरेको दुई वर्षभन्दा बढी समय पछि बताएका हुन् ।



पहिलेदेखि नै गरिरहेका सबै सहयोगका लागि आभार व्यक्त गर्दै आगामी दिनमा यस्तो सहयोग निष्पक्ष शान्तिका लागि अझ धेरै आवश्यकता रहेको जनाएका छन् । दोस्रो विश्वयुद्धको डी-डे अवतरणको ८० वर्षपछि युरोप दुर्भाग्यवश शान्तिको महाद्वीप नभएको उनले चेतावनी दिए । युक्रेनमा भएको डी-डे लाई युरोपको सुरक्षाको कुञ्जीको संज्ञा दिदै उनले वर्तमान नियन्त्रण रेखामा शान्ति बनाउन नसकिने उल्लेख गरे । एसिया र अफ्रिकामा निरन्तर नयाँ क्षेत्र खोजिरहेको औपनिवेशिक साम्राज्य नभई युक्रेनमाथि नियन्त्रणविना रुस एउटा सामान्य राष्ट्रिय राज्य हुनुपर्ने मान्यता उनले सार्वजनिक गरे । रासस/एएफपी

# मानहानि मुद्दामा राहुल गान्धीलाई जमानत

**बेंगलोर–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उनको दल भारतीय जनता पार्टी (भाजपा) माथि भ्रष्टाचारको आरोप लगाएको आरोपमा विपक्षी नेता राहुल गान्धीविरुद्ध दायर गरिएको मानहानिको मुद्दामा भारतको एक अदालतले शुक्रबार उनलाई जमानत दिएको छ ।

त्रिपन्न वर्षीय कांग्रेस नेता गान्धीले सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) का सदस्यहरूद्वारा ल्याइएका थुप्रै कानुनी मुद्दाहरूको सामना गर्नुपरेको थियो भने गत वर्ष मानहानिको मुद्दामा दोषी ठहर भएपछि उनलाई केही समयका लागि संसद् सदस्यका लागि अयोग्य घोषित गरिएको थियो । मोदी सरकारद्वारा राजनीतिकरूपमा प्रेरित भएको दाबी गर्ने मुद्दाहरूमा आपराधिक कारबाहीको सामना गर्ने धेरै शीर्ष विपक्षी नेताहरूमध्ये उनी एक हुन् ।

गान्धीले उक्त अभियोगमा हिरासत जीवन बस्नुपरेको भने थिएन । कांग्रेस प्रवक्ता रणदीप सुरजेवालाले एएफपीसँग कुरा गर्दै भने, 'उहाँ स्वतन्त्र रहने कि नरहने भन्ने विषयमा भएको पाँच मिनेटको प्रक्रियागत सुनुवाइमा उहाँलाई जमानत दिइएको हो ।' कर्नाटक राज्यका अन्य



दुई वरिष्ठ कांग्रेस नेतालाई गत हप्ता नै जमानत दिइएको थियो । गान्धीलाई गत वर्ष सन् २०२३ मा गुजरातको एउटा छुट्टै मुद्दामा दुई वर्षको जेल सजाय सुनाइएको थियो तर भारतको सर्वोच्च अदालतमा अपिलमाथि सुनुवाइ गर्दै उनलाई जेल बस्नु नपर्ने फैसला आएको थियो ।

यद्यपि उक्त सजायले विपक्षी नेतालाई संसद्बाट केही समयका लागि अयोग्य घोषित गर्न बाध्य बनाएको थियो तर सर्वोच्च अदालतको फैसलापछि उनीविरूद्धको आरोप निलम्बन भएको र संसद् सदस्यका रूपमा पुनः स्थापित भएका थिए । मोदी र भाजपाले राष्ट्रव्यापी चुनाव जितेको केही दिनपछि शुक्रबार उक्त मुद्दाको फैसला आएको हो । कम बहुमतका कारण भाजपाले गठबन्धन साझेदारसँग निर्भर हुन बाध्य भएको छ ।

आलोचकहरूले प्रधानमन्त्री मोदी र उनको पार्टीले राजनीतिक प्रतिद्वन्द्वीहरूलाई लक्षित गर्न न्याय प्रणालीको प्रयोग गरेको आरोप लगाएका छन् । अमेरिकी थिंक टयांक फ्रिडम हाउसले भाजपाले 'राजनीतिक प्रतिद्वन्द्वीलाई निशाना बनाउन सरकारी संस्थाहरूको बढ्दो प्रयोग गरेको' उल्लेख गरेको छ । कंग्रेसको नेतृत्वमा विशाल विपक्षी गठबन्धनको सदस्यसमेत रहेका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल भ्रष्टाचारको अनुसन्धानको सिलसिलामा यसै वर्ष जेल परेका छन् । केजरीवाललाई गत महिना केही समयका लागि जमानत दिइएको र यसले उनलाई चुनावमा प्रचार गर्न अनुमति दिएको थियो तर मतदान सकिएपछि उनी हिरासतमा फर्किएका छन् । *रासस/एएफपी*

## म्यान्मामा सर्वसाधारणमाथि गरिएको सैन्य हमलाको 'कडा निन्दा'



**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेर्रेसले बिहीबार म्यान्माका सेनाले हालैका दिनहरूमा थुप्रै सर्वसाधारणको ज्यान लिने गरी पश्चिमी रखाइन राज्य र उत्तरी सागेन क्षेत्रमा गरेको हमलाको कडा निन्दा गरेका छन् ।

'महासचिव गुटेर्रेसले म्यान्मा सेनाले नागरिकहरूको ज्यान लिने गरी रखाइन राज्यमा गरेको आक्रमणको कडा निन्दा गर्नुभएको छ,' गुटेर्रेसका प्रवक्ता स्टेफन डुजारिकद्वारा जारी विज्ञप्तिमा भनिएको छ । अराकान आर्मी (एए) ले नोभेम्बरमा सत्तारूढ जुन्टाको सेनामाथि आक्रमण गरेपछि रखाइन राज्यमा द्वन्द्व बल्झिएको हो । एएले करिब छ लाख उत्पीडित रोहिंग्या मुस्लिम अल्पसंख्यकको बसोबास रहेको रखाइन राज्य आफ्नो जातीय जनसंख्याको थप स्वायत्तताका लागि लडिरहेको बताएको छ ।

यस हप्ता राज्यको राजधानी सित्वेको उत्तरमा रहेको ब्येन फचु गाउँमा गरिएको खोजतलास र कारबाहीका क्रममा जुन्टा सेनाले ७० भन्दा बढी रखाइन नागरिकहरूको हत्या गरेको बताइएको छ । जुन्ताले भने उक्त दाबी केबल हल्ला भएको बताएको छ । रखाइन राज्यका विभिन्न भागमा फोन र इन्टरनेट सेवा काटिएसँगै यहाँका नागरिक सञ्चारको सुविधाबाट वञ्चित रहेका छन् । *रासस/एएफपी*

## 'इजरायल–लेबनान सीमामा व्यापक द्वन्द्वको जोखिम'

**राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले शत्रुता अन्त्य गर्न आह्वान गर्दै लेबनान र इजरायलबीचको सीमा रेखामा व्यापक द्वन्द्वको जोखिम रहेको बताएका छन् । गाजा ध्वस्त पार्ने हमाससँगको आठ महिना लामो युद्धपछि उत्तरी सीमा क्षेत्रको भ्रमण गर्दै इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले बुधबार इजरायली सीमामा धेरै तीव्र कारबाहीका लागि तयारी भइरहेको बताएपछि राष्ट्रसंघका प्रमुखको यो धारणा आएको हो ।

इजरायलले गाजा पट्टीमा हमासविरुद्ध युद्ध गरिरहेको बेला हालैका दिनहरूमा हेजबुल्लाह र इजरायलबीच दिनहुँजसो आक्रमण बढेको छ । दुवै समूहलाई इरानलगायत अन्य सहयोगीहरूले समर्थन गरेका छन् । 'ब्लू लाइन' पार गरेर गोलीबारी जारी दलहरूलाई राखेका महासचिवले तत्काल गोलीबारी बन्द गर्न आह्वान गरेका छन् । संयुक्त राष्ट्रसंघका प्रवक्ता स्टेफन डुजारिकले इजरायल र लेबनानबीचको सीमा रेखालाई उल्लेख गर्दै एक विज्ञप्तिमा यस्तो बताएका छन् । निरन्तरको गोलीबारीले यस क्षेत्रका लागि विनासकारी परिणामसहित व्यापक द्वन्द्व निम्त्याउन सक्ने उनले बताएका छन् । *रासस/एएफपी*

## प्रतिस्पर्धी कृषितर्फ अघि बढ्न श्रीलंकाका राष्ट्रपतिको जोड

कोलम्बो (श्रीलंका)- श्रीलंकाका राष्ट्रपति रानिल विक्रमसिंघेले स सन् २०३० सम्ममा आधुनिक प्रविधि अपनाएर प्रतिस्पर्धी कृषितर्फ अघि बढ्नुपर्ने कुरामा जोड दिएका छन् ।

धान उत्पादनलाई प्राथमिकता दिएर प्रतिस्पर्धी निर्यात बजारमा सफल हुन सक्ने उत्पादनमा ध्यान केन्द्रित गर्नुपर्ने कुरामा राष्ट्रपति विक्रमसिंघेले जोड दिएको हुन् । विक्रमसिंघेले निर्यात बजारमा प्रतिस्पर्धा गर्न नसक्ने उत्पादनहरू बन्द गर्न सल्लाह दिँदै प्रतिस्पर्धी उत्पादनहरूमा ध्यान केन्द्रित नगरी भविष्य सुरक्षित हुन नसक्ने कुरा उजागर गरे । बिहीबार राष्ट्रपति सचिवालयमा बसेको कृषि आधुनिकीकरण कार्यक्रमको प्रगति समीक्षा बैठकमा उनले यस्तो टिप्पणी गरेका हुन् । *रासस/सिन्ह्वा*


**नव धवलागिरी बचत तथा ऋण सहकारी संस्था लि. को गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम विक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ (पन्ध्र) दिने सूचना**

(पुनः प्रकाशित मिति २०८१ साल जेष्ठ महिना २६ गते शनीबार)

यस संस्थाको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत विक्री गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थाको कार्यालय टोखा-१०, सामाखुशी काठमाण्डौमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिन अर्थात मिति २०८१/०३/०९ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। गोप्य शिलबन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। बोलपत्र फाराम यस संस्थाको कार्यालयबाट रु.१,०००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिहरुको विवरणः

| क्र.स. | जिल्ला | गा.वि.स./न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल रोपनी (ब.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | काठमाण्डौ | डाडापैवा, रामकोट | ९ क | १८७६, १८७४ | ०-२-०-३, ०-१-०-० | जग्गा |
| २ | काठमाण्डौ | गोलढुङ्गा | ३ ख | ३३४६ | ०-२-२-० | जग्गा |

**नव धवलागिरि बचत तथा ऋण सहकारी संस्था लि.**
टोखा नगरपालिका – वडा नं. १०, समाखुशी चोक, काठमाण्डौ
फोन नं. ०१-४९८३७७४, ५९००८५६



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ARAM MEDICAL POLYCLINIC
पूर्व स्वीकृति मिति : २०८१/०२/२५ | LT. No. 305943 | चलानी नं.६०२२०७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 10 | 85 | ३७,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : LIGHT FIELDS FOOD SUPPLIES COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०२/२४ | LT. No. 305941 | चलानी नं.६०२२०६९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista/coffee Maker | 2 | 0 | 150 | ६५,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cdp | 2 | 0 | 150 | ६५,३३० | | | | | | | |
| 3 | Cook (Asst) | 4 | 0 | 125 | ५४,४४० | | | | | | | |
| 4 | Dcdp | 2 | 0 | 150 | ६५,३३० | | | | | | | |
| 5 | Trayline Helper | 3 | 0 | 90 | ३९,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TOMORROW'S ADVANCE COMPANY LIMITED
पूर्व स्वीकृति मिति २०८१/०२/२४ | LT No :305851 | चलानी नं. ६०२२०६८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Alfarooque Overseas Pvt .Ltd.
श्रम ईजाजत नं: १२६०/०७४/७५
Basundhara, (Infront of police station), Kathamandu, Nepal
Phone No: 01- 4961373 Mobile : 9843653970, 9851279430
E-mail.: Farukkhan650@gmail.com, www.alfarooqueoverseas.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनीः MODERN SUPPORT COMPANY SUPPORT SERVICES
पूर्व स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 305969 | चलानी नं. ६०२२०७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 4 | 0 | 1000 | ३५,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Nasser Outsourcing Consultants Pvt. Ltd.
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : WALEEFAH SWEETS CO.
पूर्व स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 305975 | चलानी नं.६०२२०७०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing and Filling Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १ गते (15th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



ARANIKO OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. 267/058/059
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com



**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४४००० | प्रति तोला – १४३३०० | प्रति तोला – १८५० |



**धान रोपाइँ** | ताप्लेजुङ सदरमुकाम फुङलिङ बजार नजिकै रहेको खेतमा धान रोपाइँ गर्दै किसान। *तस्बिरः सन्तोष पुर्कुटी/रासस*

## नेपाल-बंगलादेश व्यापार निरन्तर घाटामा

■ प्रभाव संवाददाता

**भद्रपुर (झापा)–** नेपालले आर्थिक वर्ष २०५४/०५५ देखि सिधा व्यापार सुरु गरेको दक्षिण एसियाली मुलुक बंगलादेशसँग व्यापार घाटा बढ्दो क्रममा छ। कुनै समय रु पाँच अर्बभन्दा बढीको मालसामान बंगलादेश निर्यात गरेको नेपाल अहिले केही करोडमै सीमित हुन पुगेको छ ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड शाखा कार्यालय काकरभिट्टाका निमित्त प्रमुख सुवास पाण्डेयका अनुसार नेपाल–बंगलादेशबीचको व्यापार पछिल्लो एक दशकयता निरन्तर खुम्चिँदो अवस्थामा छ। आव २०७०/०७१ सम्ममा द्विपक्षीय व्यापारमा आयात कम र निर्यात बढी हुने गरेकामा हाल निर्यातको अवस्था झरेको छ।

मेची भन्सार कार्यालय काकरभिट्टाका सूचना अधिकारी गणपति कँडेलले चालु आवको वैशाख मसान्तसम्म बंगलादेश निर्यात रु २३ करोड ७४ लाख ३९ हजार हुँदा आयात रु तीन अर्ब १७ करोड ९९ लाख बढी भएको छ। उनका अनुसार आव २०७८/०७९ मा नेपालले बंगलादेशबाट पछिल्लो दशककै सबैभन्दा बढी आयात गरेको थियो । त्यस वर्ष आयात रु ११ अर्बभन्दा बढी हुँदा निर्यात भने रु ६३ करोडमै सीमित हुन पुगेको थियो।

गोदाम व्यवस्था कम्पनीको तथ्यांकअनुसार द्विपक्षीय व्यापारको पछिल्लो २६ वर्षमा १० वर्ष नेपालबाट हुने निर्यात बंगलादेशबाट हुने आयातको तुलनामा बढी देखिन्छ। आव २०७१/०७२ देखि नेपालबाट निर्यात कम र बंगलादेशबाट आयात निरन्तर बढिरहेको छ।

हाल दाल, जडीबुटी, मोलासिस, खाद्यपदार्थ, पशु आहाराका लागि कच्चापदार्थ, खयरकत्था, रंगरोगनका पदार्थ मुख्य निर्यात हुने वस्तुहरू हुन् भने जुट, भटमासको पिना, एलोपेथिक औषधि, लिड–एसिड ब्याट्री, कपडा, फलफूलका जुस, ग्लास सिट, बिस्कुट तथा चकलेटलगायतका मालवस्तु बढी आयात हुनेमा पर्छन्।

भन्सार एजेन्ट नवीन दाहालले नेपालबाट निर्यात हुने वस्तुमा बंगलादेशले भन्सार महसुल धेरै लगाएको र उताबाट यहाँ आयात हुने वस्तुमा ज्यादै न्यून भन्सार महसुल दर छ। भन्सार महसुल कम गर्न सकेमा बंगलादेशमा उच्च माग रहेका तरकारीजन्य वस्तु र अन्य कृषिजन्य उत्पादन नेपाली व्यवसायीहरूले निर्यात गर्न सक्ने उनले बताए।

## 'सहकारी आन्दोलनलाई समाजवादी बाटोमा डोऱ्याउनुपर्छ'

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सहकारी आन्दोलनलाई समाजवादी बाटोमा डोऱ्याउनुपर्ने र त्यसका लागि सकारात्मक पहलकदमी लिनुपर्ने बताएका छन् । सहकारी केन्द्र नेपालको प्रथम राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै नेकपा(माओवादी केन्द्र) का अध्यक्ष 'प्रचण्ड'ले सबै तहका पार्टी कमिटीमा सहकारी संस्थाको अध्ययन गरेर सही बाटोमा अगाडि बढाउनुपर्नेमा जोड दिए ।

'सहकारी आन्दोलनको महत्व ठीक ढंगले बुझ्ने, जनताको दैनिक जीवन र सरोकारका प्रश्नहरूको अध्ययन गर्ने, त्यसको नेतृत्व गर्दै क्रान्तिकारी जनमत निर्माण गर्न सकिन्छ', प्रधानमन्त्रीले भने, 'तसर्थ, पार्टीका सबै तहका कमिटीमा सहकारी संस्थाको अध्ययन, अनुगमन, मूल्यांकन, सहभागिता र नेतृत्वजस्ता विषयमा छलफल गर्ने, सहकारी संस्थामा आबद्ध भएर यस आन्दोलनलाई समाजवादी बाटोमा डोऱ्याउन पहलकदमी लिनुपर्दछ ।'

सहकारीको आधारभूत सिद्धान्तबाट च्यूत हुँदा कोभिड महामारीलगायत विश्वव्यापीरूपमा देखिएका आर्थिक संकटको प्रत्यक्ष प्रभावका कारण नेपालका सहकारीले संकटको सामना गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सहकारी क्षेत्रका समस्या सम्बोधन गर्न सरकारले नीतिगत र व्यावहारिक समाधानका विभिन्न उपाय अवलम्बन गर्दै आइरहेको बताए । सहकारी क्षेत्रको व्यवस्थापनका लागि सरकारले यस वर्षको बजेटमा कानुनमा आवश्यक संशोधन गरी सहकारिताको सिद्धान्त र नीतिबमोजिम सहकारी सञ्चालन हुने व्यवस्था गरेको उल्लेख गर्दै प्रधानमन्त्रीले बचत तथा ऋण सहकारी संस्थाको नियमन गर्न नियामक निकाय स्थापना गरिने बताए ।

बचत तथा ऋण सहकारीलाई एकआपसमा गाभिन सहजीकरण गर्ने र बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघरको परिवारको सदस्यका नाममा रहेको सम्पत्तिको धितोको सुरक्षणमा रू पाँच लाखसम्मका बचतकर्ताको रकम फिर्ता गर्ने व्यवस्था मिलाउने लगायतका व्यवस्था बजेटमा गरिएको प्रधानमन्त्रीले जानकारी दिए।

संकटग्रस्त एवं समस्याग्रस्त सहकारीको अवस्था, बचतकर्ताको निक्षेप अपचलन भए नभएको अध्ययन, दोषीमाथि कारबाहीको सिफारिस र समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्न अधिकारसम्पन्न संसदीय समिति गठन गरिएको उल्लेख गर्दै प्रधानमन्त्रीले संकटग्रस्त सहकारीको अवस्थाको अध्ययन गर्नुका साथै सहकारी क्षेत्रका समस्याको दीर्घकालीन समाधानका लागि आवश्यक सुझाव समितिले प्रस्तुत गर्ने विश्वास व्यक्त गरे ।

कृषिको व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेगरी बजेट विनियोजन भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सरकारी, निजी, सहकारी तथा विकास साझेदारबाट कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्न २०८१ देखि २०९१ सम्मको अवधिलाई कृषिमा लगानी दशक घोषणा गरिएको जानकारी दिए । उनले यस कार्यक्रमअनुरूप भूगोल, बजार सम्भाव्यता एवं पारिस्थितिकीय विशिष्टता अनुकूल संघ, प्रदेश र स्थानीय तहबाट कृषिउपजको विशेष क्षेत्र पहिचान गरी उत्पादन प्रवर्द्धन गर्ने नीति र कार्यक्रम अगाडि सारिने बताए ।

बजेटमा अगाडि सारिएका कार्यक्रम कार्यान्वयनका लागि सहकारी क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताउँदै प्रधानमन्त्री दाहालले निजी क्षेत्रको प्रवर्द्धन, कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकासलाई विशेष प्राथमिकतामा राखिने बताए। उनले समावेशिता र सामाजिक सुरक्षा र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधारको प्राथमिकता निर्धारण गरिएको स्पष्ट पारे ।

पछिल्लो समय नेपालको सहकारी आन्दोलनले गम्भीर चुनौतीको सामना गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्रीले समस्या देखाएर आन्दोलनलाई निस्तेज पार्ने काम रोक्नुपर्ने बताए । 'सहकारी आन्दोलनमा पुँजीवादी शक्ति हावी हुँदा यसले आफ्नो प्राकृतिक चरित्र मात्र गुमाएको छैन, अपितु सहकारी आन्दोलनलाई समाजवादी आन्दोलनसँग जोड्ने कम्युनिष्ट क्रान्तिकारीको ध्येयमा नयाँ चुनौती खडा गरिदिएको छ', प्रधानमन्त्री दाहालले भने, 'मुख्यतःसहकारी क्षेत्रका समस्यालाई देखाएर सहकारी आन्दोलनको औचित्यमाथि नै प्रश्न उठाउने प्रवृत्ति देखिएको छ, यसलाई चिर्नुपर्छ ।'

## कर्पोरेट

### कुमारी बैंक र युएसएआईडीबीच सम्झौता



**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले लघु, साना तथा मझौला उद्योग-व्यवसाय वित्तीय साक्षरता कार्यक्रमका लागि युएसएआईडीसँग सम्झौता गरेको छ । यस सम्झौता अन्तर्गत युएसएआईडी ट्रेड एण्ड कम्पिटेटिभनेसले बैंकलाई नेपालभरका एमएसएमई माझ वित्तीय साक्षरता अभिवृद्धि गर्ने पहलमा सहयोग गर्नेछ । बैंकले यस कार्यक्रम मार्फत १०,००० नयाँ एमएसएमईलाई 'बैंकिङ र क्रेडिट रेडी' बनाउन बित्तिय सहयोग गर्ने छ ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा गर्दै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१४ एटिएम, ४९ एक्सटेन्सन काउन्टर तथा ५९ शाखा रहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

### मनाइयो महिनावारी स्वच्छता दिवस

**काठमाडौं (प्रस)–** नेपालको निजी क्षेत्रले नेपालमा सम्मानित कार्यस्थल नेटवर्कसँगको सहकार्यमा अन्तर्राष्ट्रिय महिनावारी स्वच्छता दिवस २०२४ मनाएको छ । युएसएआईडी नेपाल र युएसएआईडी वाटर, सेनिटेसन, र हाइजीन पार्टनरसिप एण्ड लर्निङ फर सस्टेनेबिलिटी (वास)को आयोजनामा नेपालमा गरिमामय कार्यस्थल कार्यक्रम महिनावारी मनाउन करिब १०० जना नेपाली व्यवसायी अगुवा भेला सम्पन्न भएको छ ।

राजधानीमा सम्पन्न कार्यक्रमले नेपालका औद्योगिक र निजी क्षेत्रका नेताहरूको प्रतिबद्धतालाई मनाएको थियो, जसमा मासिक धर्म-मैत्री कार्यस्थलहरू सिर्जना गर्ने प्रभाव




र यसले कसरी काम गर्ने महिला र व्यवसायहरूलाई प्रभाव पार्छ, सबै नेपालीहरूका लागि समावेशी आर्थिक वृद्धिका अवसरहरू सिर्जना गर्ने जनाइएको थियो ।

कार्यक्रमका जब डिग्निफाइड वर्कप्लेस एडभाइजरी बोर्डका सदस्यहरू र अन्नपूर्ण मिडिया नेटवर्कका निर्देशकहरू सचन जे थापा र शुभ खनालले विभिन्न कार्यक्रमका लागि १० लाख रूपैयाँ बराबरको मिडिया स्पटलाइट दिने वाचा गरेका थिए । त्यस्तै पुनित सारडाले १० लाख बराबरको सेनेटरी प्याड उपलब्ध गराउने प्रतिबद्धता जनाएका थिए । कार्यक्रममा युएसएआईडी नेपाल स्वास्थ्य कार्यालयका निर्देशक प्याट्रिसिया मेन्गेच, एभरेष्ट हस्पिटालिटीका निर्देशक तथा शिखर इन्स्योरेन्स बोर्डका अध्यक्ष गौरव अग्रवाललगायतले बोलेका थिए ।

## धितोपत्र बजार सुधारका लागि कानुन संशोधन आवश्यक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल धितोपत्र बोर्डका अध्यक्ष नरेन्द्रकुमार रानाले धितोपत्र बजार थप सुदृढ बनाउनका लागि संस्थागत तथा कानुनी सुधार आवश्यक पर्ने बताएका छन् ।

नेपाल धितोपत्र बोर्डको ३२औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा रानाले लामो समयसम्म बोर्ड नेतृत्वविहीनको अवस्थामा रहेकाले महत्वपूर्ण निर्णय हुन नसकेकोसमेत बताए । 'बोर्डको संस्थागत सुशासन र क्षमता अभिवृद्धिका कुरा उठेका छन् । ऐनले व्यवस्था गरेअनुसार अहिले अर्थ मन्त्रालयको प्रतिनिधिका रूपमा मैले अध्यक्षको हैसियतमा काम गरिरहेको छु । सरकारले चाँडोभन्दा चाँडो धितोपत्र बोर्डको अध्यक्ष नियुक्त गरोस्', उनले भने । धितोपत्र बजारलाई चलायमान बनाउने विषयमा आवश्यक ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिमा संशोधन गर्न सकिने उनको भनाइ थियो ।

विभिन्न नियमनकारी निकायको निगरानीबाट बोर्ड डराउन नहुने र यसले सच्चिएर जानका लागि दिशानिर्देश गर्ने उनको भनाइ छ । सरकारले बोर्डको अध्यक्ष चाँडो नियुक्त गरेर धितोपत्र बजारलाई थप चलायमान बनाउनुपर्ने उनको सुझाव थियो ।

'धितोपत्र बजारमा स–सानो कुराले पनि लगानीकर्तालाई प्रभावित गरिरहेको हुन्छ । बोर्डमा पछिल्लो पाँच महिनादेखि अध्यक्ष नहुँदा भ्याकुम सिर्जना भएको छ', उनले भने । चार वर्षे कार्यकालका लागि आउने अध्यक्ष आफ्नो योजना तथा कार्यक्रमअनुसार काम गर्ने भएकाले चाँडो अध्यक्ष नियुक्त हुनुपर्ने उनको तर्क थियो ।

संस्थाको भवन निर्माणका लागि पनि आफू लागिरहेको अध्यक्ष रानाले बताए । जग्गा किन्नका लागि उपत्यका विकास प्राधिकरणलाई तीन वर्षअघि नै रकम भुक्तानी भइसकेको भएपनि जग्गा स्वामित्वमा आउन नसकेको उनले जानकारी दिए ।

त्यसअवसरमा राजस्व सचिव डा रामप्रसाद घिमिरेले धितोपत्र बजारको कानुनी सुधारका लागि प्रयास भइरहेको बताए । 'सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित कानुनलाई पनि सम्बोधन गर्नेगरी धितोपत्रसँग सम्बन्धित कानुन संशोधनको तयारी भइरहेको छ । धितोपत्र बजारको आकार निकै ठूलो भइसकेकाले जोखिममा आधारित नियमन र सुपरीवेक्षण विधि अवलम्बन गर्दै जानुपर्छ', घिमिरेले भने । बोर्डको जग्गा खरिद र भवन निर्माणका लागि सहजीकरण गर्ने प्रतिवद्धता उनले जनाए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ